ॐ

गोरक्ष-साम्यवाद

योगी नरहरिनाथो विजयतेतराम् ।



जगज्जेष्ठ विश्वमानव सभ्यताका
आदिव्याख्याकार विश्वशान्तिदूत
योगी नरहरिनाथः

कैलासः प्रथमः शिवस्य वसतिः
ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम् ।

अखट विकट वाटा उइ उकाला वराला.
भड भड भिड गौडा जीर्ण सांगु कराला ।
वनकरभय भारीलेख खोला र नाला.
विष वुकि हिम काटी वीर कैलास जाला ।।

योगी नरहरिनाथः

ॐ

वैदिक साम्यवादः

वैदिक साम्यवादमा **सर्वे भवन्तु सुखिनः** भनेर चराचर स्थावर जङ्गम समस्त प्राणिगण सुखि राख्ने सिद्धान्त छ भने लौकिक साम्यवादमा मानव अधिकार रोटी रोजी गास वास कपासमा सिमित छ। तेसैले वैदिक साम्यवाद शाश्वत छ। लौकिक साम्यवाद परिवर्तनशील छ। वुद्ध सिद्धान्त **बहुजन हिताय बहुजन सुखाय** छ। वैदिक धर्मले **एष धर्मः सनातनः** भन्छ। वुद्ध सिद्धान्तले **एष धम्मो सनन्तनो** भन्छ। कुरो यौटै हो। वैदिक साम्यवादले **दशकं धर्मलक्षणम्** भन्छ। वौद्ध साम्यवादले **दशवल तव नित्यं सुप्रभातं प्रभातं** भन्छ। शिवगोरक्ष पतञ्जलिले **पञ्च यम पञ्च नियम** भन्छन्। वुद्धले संक्षेपमा **पञ्चशील** भन्छन्। "ऋषि मुनि भन्छन् धर्म यौटै सवैको"।

सृष्टिका आदिमा **नासदासीन्नोसदासीत्** न सत् थियो न असत् थियो। **आसीदिदं तमो भूतप्रज्ञातमलक्षम्** थियो, यो तमो भूत अज्ञात अलक्षण अपरिभाषित **अव्यक्तो व्यञ्जनयन्निदं** अव्यहरुवाट व्यक्त गर्दै। **प्रादुरासीत तमोमुदः**। अन्धकार पछ्याउने प्रकाश लियेर निरञ्जन निराकार ज्योतिःस्वरूप ईश्वर साकार भास्कर सूर्य भयेर आये। अनि **सूर्य आत्मा जगतस्तस्थुषश्च** सूर्य जगत्को पनि आत्मा हो। भनेर साकार निराकारको एकाकार भयो।

त्यो वेला **न राज्यं न च राजासीत् न दण्डो न च दाण्डिकः। धर्मेणैव प्रजाः सर्वा रक्षन्तेस्म परस्परम्**। न राजा थियो। न राज्य थिये। न दण्डा थियो। न दण्डादाता थियो। धर्मका दुईवटा अक्षरले सवैको परस्पर रक्षा गर्थे। आज पनि गरी रहेछन्। **धर्मो रक्षति रक्षितः** धर्म छाडा कोही न हौं। धर्म भनेको मानव धर्म हो मानवता नै वैदिक साम्यवाद हो। शिवम्!

योगी नरहरिनाथः

पुस्तक- **गोरक्ष साम्यवाद**
प्रकाशक- योगी नरहरिनाथ स्मृति वृहदाध्यात्मिकपरिषदः
(गोरक्षपीठ सिद्धाचल, मृगस्थली)
प्रकाशन मिति- २०७० फागुन १५ गते महाशिवरात्रि पर्व
योगी नरहरिनाथ ९९ औं जन्मजयन्तिको उपलक्षमा
प्रकाशन प्रति-
सम्पादक- योगी श्रीषनाथः
व्यवस्थापक- योगी व्याघ्रवेदनाथः दूरभाषः ९८५१०२७१६३
सर्वाधिकार- प्रकाशकमा
सहयोग-
टङ्कण- श्याम चौधरी
संस्करण- पाँचौं
मूल्य- सहयोग स्वरूप रू: ५०१/-
आवरण पृष्ठ- रामकृष्ण थापा
(ब्लुमिङ्ग क्रियटिभ हाउस प्रा.लि., वागवजार, काठमाण्डौ)
सम्पर्क-: ४२४०९७९
मुद्रक-

ॐ

वैदिक साम्यवादमा

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

सबै सुखी रहुन् । सबै निरोगी रहुन् । सबैले भलो देखुन् । कुनै यौटो पनि दुःखभागी न होस् भनेर ईश्वरका सृष्टि अनन्त कोटि ब्रह्माण्डका स्थावर जङ्गम ८४ लाख जातिका असंख्य जीव जन्तु सबै सर्वथा सर्वदा सर्वत्र सुखी रहुन् सुखी राखुन् । सबै सर्वदा सर्वथा सर्वत्र निरोगी रहुन् । निरोगी राखुन् । सबै सर्वदा सर्वथा सर्वत्र भलो देखुन् भलो गरुन् । सबै मध्ये यौटो चर अचर कुनै प्राणी कुनै प्रकारले पनि कैल्यै पनि दुःखी न होस् भन्ने दार्शनिक भावना मात्र होइन मनसा कर्मणा वाचा आचरण पनि छ । अरुका जस्तो मानव अधिकारमात्र भन्ने पनि छैन । प्राणिमात्रको ग्रहण छ । गास वास कपास मात्र भन्ने पनि छैन । कौनै एकाङ्गी खण्ड विचार न भइकन अखण्ड विचारधारा छ र **आचारः प्रथमो धर्मः** भन्ने ध्रुव धारणा छ । अधिनायकवाद छैन । व्यक्ति स्वतन्त्रता छ । चार्वाक जस्तालाई पनि आफ्नो विचार व्यक्त गर्ने अधिकार छ । महिषासुर जस्ताको अस्त गरेर इन्द्र जस्ताको उदय गर्ने । वेन जस्ताको अस्त गरेर पृथु जस्ता को उदय गर्ने । हिरण्यकशिपु जस्ताको अस्त गरेर प्रह्लाद जस्ताको उदय गर्ने । रावण जस्ताको अस्त गरेर विभीषण जस्ताको उदय गर्ने । कंस जस्ताको अस्त गरेर उग्रसेन जस्ताको उदय गर्ने । यस्ता अनेक दृष्टान्त छन् । **इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति । तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥** भन्ने एकता शक्ति दुर्गाको घोषणा छ ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदा-त्मानं सृजाम्यहम् ॥ भन्ने पार्थसारथी कृष्णको घोषणा छ । **समुत्खाता नन्दा नवह्रदयरोगा इव भुवः ।** भन्ने चाणक्यले नव नन्दाको अस्त गरेर चन्द्रगुप्तको उदय गरेको छ । सत्य धर्म न्यायका अगाडि कुनै नातावाद कृपावाद आदि पक्षपात छैन । देवर्षि. ब्रह्मर्षि. राजर्षि. वैश्यर्षि. शूद्रर्षि. पञ्चधा महर्षिहरूका ८८ हजार मुखिया. नवनाथ चौरासी सिद्ध आदि ज्ञानी ध्यानी ऋषि मुनि

मनु मानव मिलेर जे गर्दा राम्रो हुञ्छ । त्यै गर्ने चलन छ । तेरो मेरो भन्ने छैन । हाम्रो भन्ने राम्रो भावना उदार छ । **बहुजनहिताय बहुजनसुखाय धम्मो** । जे गर्दा बहुजन हित र बहुजन सुख हुञ्छ, त्यै हो धर्म भन्ने बौद्ध सिद्धान्त छ । यस्तै जैनादि सिद्धान्त छन् । संसारका सबै सज्जनको सिद्धान्त यौटै छ । बहुजन हित र सुख नै धर्म हो ? **ग्रामस्यार्थे कुलं त्यजेत्** । गाउँको भलो हुञ्छ भने यौटा घरलाई छोडी दिनु भन्ने मनुको सिद्धान्त छ । **सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः** भन्ने विश्वका समस्त विद्वानहरुको एकमत छ । **सर्वनाशो हि दुस्सहः** वैदिक साम्यवादमा हिंसाको र मांस भक्षणको कुनै स्थान छैन । वेदले भञ्छ -- मा हिंस्यात् सर्वाभूतानि । कुनै स्थावर जङ्गम जीवको हिंसा गर्नु हुन्न । मनुले भन्छ -- **अहिंसा परमो धर्मः** । अहिंसा परम धर्म हो, हिंसा महापाप हो । बुद्धले भञ्छ -- **अहिंसा परमो धम्मो** । अहिंसा नै परम धर्म हो, हिंसा नै परम पातक हो । **अकृत्वा प्राणिनां हिंसा मांसमुत्पद्यते क्वचित्** । कुनै प्राणीको हिंसा न गरीकन खेती पाती प्रभृति कुनै उपायले मांस (मांसु) उत्पन्न हुन्न । तसर्थ माँसु खानु हुन्न । मरेकाको मासु खाने मारेर खाने हुञ्छ । त्यसकारणले मासु खानु कदापि हुन्न. कथमपि हुन्न । **मांसादिनि कुतो दया ?** माँसु खानेमा कता दया ? **दया धर्मस्य मूलं हि** । दया नै धर्मको मूल हो । दया छैन. धर्म छैन । मार काट गर्दा काँडो विज्दा पनि आफुलाई दुख्छ भने अरुलाई पनि दुख्छ । **आत्मनः प्रतिकुलानी परेषां न समाचरेत्** । तसर्थ आफूलाई नराम्रो लाग्ने कौनै काम अरु प्रति गर्नु हुन्न । यसो गर्दा व्यक्तिस्वतन्त्रताको हनन हुञ्छ । यौटा हत्याका आठ जना हत्यारा हुञ्छन्:- **अनुमन्ता विशसिता निहन्ता क्रय-विक्रयी । संस्कर्ता चोपहर्ता च खादकश्चाष्ट घातकाः** । मार्ने अनुमति दिने १ मार्ने २ अङ्गभङ्ग गर्ने विला हाल्ने ३ किन्ने ४ वेचने ५ पकाउने ६ पस्कने ७ खाने ८ जना मध्ये पनि खाने सबै भन्दा ठुलो पातकी हत्यारो हो. कि न कि खाने न हुँदो हो त सातै जना हुने थियेनन् । **मत्स्यादः सर्वमांसादः** । माछा खाने सबैको माँसु खाने पापी ठहर्छ । किनकि माछाले सबैको माँसु खाञ्छ । **मां स भक्षयितामुत्र यस्य मांसमिहाद्म्यहम् । एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिणः** - माँसु शब्दको अर्थ यो हो- **माम्** = मलाई, **स** = त्यो तेसै गरी अर्का जन्ममा मारेर खाने छ । जसरी तेसलाई मारेर मैले आँहाँ खाजे । यही हो मासुको तत्त्व ।

अर्काको माँसु खानेले आफ्नु माँसु– ख्याउँनु पर्छ । पैंचो तिर्नु पर्छ । जस्तो खेती रोपिच्छ उस्तै फल खानु पर्छ । वैदिक साम्यवादमा सवै प्राणिको समान अधिकार छ । कसैले कसैको कुनै हानि गर्न पाइन्न । कुनै गर्छ भने गर्न पनि दिनु हुन्न । कमिला देखि हात्तीसम्म, दुवा देखि वर पिपल सम्म, चराचर प्राणीहरुमा आत्मा टम्म छ । आत्मा दुख्ने दुखाउने कौनै काम गर्नु गराउनु गर्न दिनु पनि हुन्न भन्ने सिद्धान्त छ ।

समत्वं योग उच्यते । समता नै योग हो । विषमता नै वियोग हो । योगमा वैदिक साम्यवाद छ । वैदिक साम्यवादमा योग छ । योग नै वैदिक साम्यवाद हो । वैदिक साम्यवाद नै योग हो । योग र वैदिक साम्य-वाद यौटै हो । **योगः कर्मसु कौशलम्** । विश्वका समस्त कर्म कलापमा कौशल प्राप्त गर्नु योग हो । आलस्यको नाम योग होइन । संसारका ६४ कला ६४ उपकलाहरूमा निपुणता प्राप्त गर्नु पनि योग हो । **कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः** । जनकादि राजर्षि र सनकादि देवर्षिहरू पनि कर्मले नै सिद्ध भयेका हुन् । अतः **कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः** । सत्कर्म गर्दै सय सय वर्ष सम्म मानवले वाँच्ने इच्छा राख्नु पर्छ । **उद्योगो योग उच्यते** । उद्योग पनि योग नै भनिच्छ । अध्यवसाय परिश्रम पनि योग हो । **उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीर्दैवेन देयमिति का पुरुषा वदन्ति । दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या यत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः ? पूर्वजन्मकृतं कर्म तद् दैवमिति कथ्यते** । पूर्वजन्ममा गरेको कर्म नै दैव हो र दैवका मात्र भर पर्ने होइन । आत्मशक्तिले पुरुषार्थ गर्नु पर्छ । प्रयत्न गर्दा पनि भयेन भने कुन त्रुटि रहचो ? भनेर परिशीलन गरी निर्दोष कर्म गरेमा अवश्य सिद्ध हुन्छ, पाखुराका भर पर्नु पर्छ । दैवले देला र खाउँला भन्नु हुन्न । दैवका आशामुखी काँतर हुन् । दैव भन्ने वस्तु आफ्नै हातको कमाई हो । जस्तो खेती गऱ्यो उस्तै खानु पर्छ । सुख दुःख अरुले दियेर पाइन्न । आफ्नै खेतीको फल हो । आम लाये आम खान पाइन्छ । निम लाये निम खानु पर्छ । कोदो रोपे कोदो खानु पर्छ, धान रोपे भात खान पाइन्छ । चैते रोपेको कात्तिक पाइन्छ । कात्तिक रोपेको चैत पाइन्छ । **अत्युग्रपुण्यपापानामिहैव फलमश्नुते** । अति उग्र कामको फल तत्काल पाइन्छ । प्रमाण प्रत्यक्ष छन् । जन्मदेखि

मृत्युसम्म मानव जीवन विद्योपार्जनमय छ । जानी न जानी प्रतिपल केही न केही नौलो कुरो मानवले सिकी रहञ्छ । न भरी कनै मरी हाल्नु पर्छ र अर्का जन्ममा पनि पाइला–पाइलामा नौला नौला कुरा जानी रहनु पर्छ । **उपस्थिता प्राक्तनजन्मविद्या** । पूर्वजन्मको विद्या पनि साथै उपस्थित हुञ्छ । तेसैले कुनै छिटो टिप्छन् कुनै ढिलो टिप्छन्, तर टिप्छन् सबैले । निराशा मृत्युको नाम हो । **आशामयं जीवनम्** । जीवन आशामय हुञ्छ । उद्योगमय हुञ्छ । अल्छी जिउँदै मरेको ठहर्छ । आफ्नै पेटका लागि पनि अर्काको मुख ताक्नु पर्छ भने त्यो मृत्यु नै हो । **मरे सो मागन जाय** ।

योगस्थः कुरु कर्माणि । योगमा रहेर सबै राम्रा कर्म गर्नु पर्छ । योग भनेको धर्म हो । धर्मका दश लक्षण हुञ्छन् । **धृति क्षमा दम अस्तेय शौच इन्द्रिय निग्रह धी विद्या सत्य दया** । योगका दश यम नियम हुञ्छन् । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच सन्तोष तपस्या स्वाध्याय र ईश्वरप्रणिधान । पञ्चशीलमा इनै अहिंसा सत्य अस्तेय ब्रह्मचर्य अपरिग्रह छन् । योग भनौ धर्म भनौ पञ्चशील भनौ यौटै कुरो हो । शब्दमा अलि अलि अन्तर जस्तो देखिये पनि अर्थमा अन्तर नास्ति । **एकं सद् विप्रा बहुधा वदन्ति** । यौटै ईश्वरको सृष्टि गर्दा एक नाम हुञ्छ । स्थिति गर्दा अर्को नाम हुञ्छ । उपसंहार गर्दा अर्कै नाम हुञ्छ । तर **निस्त्रैगुण्ये शिवाय नमो नमः** । त्रिगुणातीत अवस्थामा कल्याण स्वरूप शिव यौटै रहञ्छ । **बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः । प्रबलतमसे तत्संहारे हराय नमो नमः । जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः । प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः** । वैदिक साम्यवादमा ईश्वर पनि छ । अरुले जीव सम्म जानेका छन् । वैदिक साम्यवादमा धर्म पनि छ, मानव धर्म छ । अरुले धर्मलाइ अफिन मानेका छन् । तर धर्म अफिन होइन । **विश्वलाई स्वस्थ रूपमा धारण गर्ने ईश्वरीय प्राकृतिक नियमको नाम धर्म हो** । अरुलाई गास वास कपास भये पुग्छ । तर वैदिक साम्यवादमा शरीरलाई गास वास कपास आदि चाहिञ्छन् । मनलाई शान्ति सन्तोष आदि चाहिञ्छन् । बुद्धिलाई **सत्यं शिवं सुन्दरं** चाहिञ्छन् । अरुलाई मरेपछि केही चाहिन्न । वैदिक साम्यवाद(लाई मरे पछि पनि **सत् चित् आनन्दमय धाम** चाहिञ्छ । **तज्जलानिति शान्त उपासीत** । जसबाट जन्मेको हो, जस्मा जीवित थियो, जस्मा गयेर लीन

हुने हो, त्यो केन्द्र सबैको यौटै छ। एकताको केन्द्रविन्दु हिन्दुमात्रको हैन, सबै मानवको र सबै चराचर प्राणीको यौटै छ। जान्ने पनि छ, न जाने पनि छ। माने पनि छ, न माने पनि छ। सूर्यलाई कसैले माने पनि छ न माने पनि छ। चन्द्रमालाई कसैले माने पनि छ, न माने पनि छ। आगो माने पनि छ न माने पनि छ। पानी माने पनि छ न माने पनि छ। पृथ्वी माने पनि छ न माने पनि छ। अन्धाले देखेन भन्दैमा खामु छैन भन्नु हुदैन। उल्लूले देखेन भन्दैमा भास्कर छैन भन्नु छैन। छैन भनेर हात हाले पनि आगाले पोल्छ पोल्छ। छैन भनेर हाम्फाले पनि पानीले डुवाउँछ डुवाउँछ। छैन भनेर कुहुनाले हाने पनि पहरो छ छ। यस्तै कसैले कुनै कारणले ईश्वर छैन भनेर न माने पनि ईश्वर छ छ। जस्ले जे भने पनि रिसाउन्न। आफ्ना काममा लागि रहञ्छ, काम गर्ने माञ्छेलाई मुद्दा गर्ने छुट्टि छैन। **मुर्दाले मात्र मुद्दा गर्छन्।** ईश्वर मुर्दा हैन। ईश्वर निरञ्जन निराकार ज्योतिः स्वरूप सत् चित् आनन्दमय छ। हामी सबै ईश्वरका सन्तान हौं अज्ञानी केटाकेटीले जे भने पनि माता पिता रिसाउन्नन्। **कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति।** नदी समुद्रको वाटो विर्सेर दाज्रा वाज्रा लागे पनि छिटो न भये ढिलो घुमि फिरि समुद्रैमा पुग्छ। जीवले शिवलाई विर्सेर यता उता भट्के पनि चौरासी परिक्रमा गरेर एकदिन आइ पुग्छ। अज्ञानमद यौवनमद धनमद मानमद पदमद आदि कुनै मदले जीवन भर ईश्वर नास्ति भनेर उर्ले पनि कुर्ले पनि मर्ने वेला म भन्दा पनि कुनै बलियो रैछ भनेर **योऽसि सोऽसि नमोऽस्तुते** भनेर खुट्टा तानेर मर्छ। रोइ मर्दछ विज्ञान, ज्ञान हाँसेर मर्दछ।

ईश्वर छ। ईश्वर निराकार भैकन साकार छ। ईश्वर निष्क्रिय भैकन सक्रिय छ। ईश्वर एक भैकन अनेक छ। ईश्वर अणु भैकन महान् छ। अणु परमाणुमा टम्म छ। ईश्वर परोक्ष भैकन प्रत्यक्ष छ। चराचर जीवजन्तुका मनमन्दिरमा **साक्षी चेता केवलो निर्गुणश्च** भयेर टम्म वसेको छ। कुनै ठाउँ ईश्वर देखि खाली छैन। **क्षिति-जल पवनात्म-व्यौम-वट्नीन्दु-सूर्या जगति विततरूपा मूर्तयोऽष्टौ हि यस्य।** ईश्वरका साकार विराट अष्ट मूर्ति- पृथ्वी जल अग्नि वायु आकाश चन्द्र सूर्य आत्मा (जीवात्मा) प्रत्यक्ष स्वरूपमा विद्यमान छन् र **तत् सृष्ट्वा तदेवानुप्राविशत्।** अष्टमूर्तिका सृष्टि गरेर आठै

मूर्तिका मनोमन्दिरमा घरपैसो गरी जसले घरलाई चलाई राखेको छ । डोको वुनेर डोको ओढेर नाची रहे छ । हेर्नेले डोको मात्र आफै नाचेको देख्छ भने के गर्नु ? **यन्त्रारूढानि मायया । हृद्देशेऽर्जुन तिष्ठति ।** सवै हृदयमा ईश्वरको डेरा छ । **ईशावास्यमिदं सर्वम् । सर्वं खल्विदं ब्रह्म ।**

उइलेका चार्वाक जस्ता ऐलेका चार्वाकले पनि भन्छन् :-- उइल्या कुरा खुइले, ऐल्या कुरा ले ? किन्तु उइल्या कुरा खुइले भन्ने आफै खुइले । पृथ्वी जल तेज वायु आकाश उइलेकै छन् । इनै पञ्च महाभूतले वनेको तेरो शरीर पनि उइलेकै हो । शब्द स्पर्श रूप रस गन्ध पञ्च तन्मात्रा उइलेकै हुन् । नौलो कसैले केही बनायेको छैन । उइल्या कुरा खुइले नै भन्ने हो भने उइलेका पाँचै महाँभूत छोडी दे । पाँचै तन्मात्रा छोडी दे । पञ्च महाँभूतको पिँजरा शरीर पनि छोडि दे । सवै नौलो ऐलेको ले र उसैमा वसेर कुरा गर । हामी त उइलेको पुरानामा नै वसेर कुरा गर्छौं ।

हाम्रो नौलो आकाश पनि छैन धर्ती पनि छैन । हामी पुरानैमा अटायेका छौं । हाम्रो सदातन छ सनातन छ । **आत्मा खलु विश्वमूलम् ।** विश्वको मूल आत्मा उइले कै छ । **आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्** आफूलाई नराम्रो लाग्ने कौनै काम पनि अरु प्रति न गर्नु भन्ने आचारसंहिता पनि उइलेकै छ । उइल्या कुरा खुइले भन्नेले उइलेको यौटो कुरा पनि राख्न पाइन्न । पृथ्वी पानी आगो वतास आकाश गन्ध रस रूप तातो श्वास शब्द आदि सवै खारेज गर्नु पर्छ । प्रथम पृथ्वी र पार्थिव शरीर छोडनु पऱ्यो अनि अरु पुराना रुढी वुढी आदि भये भरका थाङ्ना साउने खहरेमा फालेर, सवै कुरा नौला सुकिला मुकिला लायेर कुरा गर्नु पर्ला । उइलेका पृथ्वीमा पाइला हाल्न पाइन्न । उइलेको पानी मुखमा हाल्न पाइन्न । उइलेका उज्यालो मा आँखा तर्न पाइन्न । उइलेका वतासमा सास फेर्न पाइन्न । उइलेका आकाशमा टाउको ठड्याउन पाइन्न । सवै आफ्नै वनाउनु । सवै नौलै नौला वनाउनु पर्छ । डाँडा काँडा, खोला नाला नद नदी समुद्र ढुङ्गा माटो चन्द्र सूर्य तारा ग्रह नक्षत्र घाँस पात वृक्ष लहरा फल फूल अन्नादि समस्त वस्तु उइलेका फालेर ऐलेका आफ्नै नौला नौला झिलिमिलि बनाउनु पर्छ । अनि उइलेका पञ्चभूत वाहेकको आफ्नै नौला पञ्चभूत भाको सरिल बनायेर आफ्नै शब्दसृष्टि गरेर कुरा गर । अनिमात्र उइल्या कुरा खुइले भन्न पाइन्छ

नत्र आफै खुइले ।

हाम्रा त सप्पै उइलेका । ईश्वर उइलेका । प्रकृति उइलेकी जीव उइलेका । **मायान्तु प्रकृतिं विद्यान्मायिन्तु महेश्वरम्** । प्रकृति माया हुन् । महेश्वर मायी हुन् । ईश्वर अंश जीव अविनाशी । आकाश उइलेको । वायु उइलेको । तेज (सूर्य चन्द्र तारा ग्रह नक्षत्र अग्नि विद्युत प्रभृति) उइलेको । जल उइलेको । पृथ्वी उइलेको । पार्थिव पदार्थ सवै उइलेका । शब्द स्पर्श रूप रस गन्ध आदि उइलेका । पञ्चतत्त्व पञ्चतन्मात्रा । पञ्च प्राण । पञ्च उपप्राण । पञ्च अन्तःकरण । पुरुष प्रकृति पुरुष विशेष ईश्वर सप्पै उइलेका । ऐले को यौटो पनि छैन । स्थूल पदार्थ सवै पृथ्वीका विकार हुन् । नाम रूपात्मक जगत् उइले कै हो । सत् चित् आनन्द आत्मा उइले कै हो ।

हाम्रा स्वर्ग नरक त्राहीं छन् । स्वर्ग खोज्न आकाशमा जानु पर्दैन । नरक खोज्न पातालमा जानु पर्दैन । **इहैव स्वर्गः इहैव नरक यत्सुखं स स्वर्गः यद् दुःखं स नरकः** । त्राहीं स्वर्ग छ । त्राँही नरक छ । जो दुःख छ त्यै नरक हो । स्वर्ग र नरक आफ्नै हातले वनाइञ्छन् । सुख दुःख दिने पनि आफ्नै हात हुन् कसैले दियेर कसैले सुख दुःख पाउँदैन आफ्नै कमाइको फल खानु पर्छ । वैदिक साम्यवादमा कुनै विवाद छैन । सवै कुरा निर्विवाद छन् । निर्विकल्प छन् ।

चारलाख वत्तिस हजार वर्षको त कलियुगमात्र भन्ने गणितका गणनाका अधीनमा बाँधियेका युग पनि छैनन् । वेदमा **कलिः शयानो भवति । उज्जिहानस्तु द्वापरः । उत्तिष्ठंस्त्रेता भवति । कृतं सम्पद्यते चरन । तस्मात्चरै व चरै वेति** । सुतुवा अल्छी कल गर्ने देश जाति व्यक्ति जो भये पनि कलियुग हो । उठौं कि न उठौं ? भनेर सन्देह गर्ने सन्देह **द्वापरौचाथ** द्वापर युग हो । अव त उठ्नै पऱ्यो भनेर उत्थानशील विकासोन्मुख त्रेता युग हो । राम्रो लक्ष ताकेर हात्ती चले वजार कुक्कुर भुके हजार, भनेर अगाडी लम्कने कृतयुग र सत्ययुग हो । अर्थात् युग हामीले आफै वनायेका हुन् वनाये वनाइञ्छन् जस्तो चाहचो उस्तै वनाउन सकिञ्छ । महिषासुरले कलियुग ल्यायेको थियो । दुर्गाले त्यो फालेर सत्ययुगको स्थापना गरिन् । मनुले कृतयुग चलायेका थिये । वेनले कलियुग मच्चायेको थियो. पृथुले सत्ययुगको स्थापना गरे । हिरण्यकशिपुले कलियुग कडकायेको थियो.

प्रह्लादले सत्य युगको स्थापना गरे । रावणले ऋषि मुनिको रक्तकर सम्म लिने कलियुग चलायेको थियो । रामले रामराज्यको स्थापना गरे । कंसले कलियुगको कर काप लगायैको थियो । कृष्णले सत्य युगको स्थापना गरे । जनक दशरथका राज्यमा सतयुग थियो । किरात राज्यमा कृतयुग थियो । लिच्छविराज्यमा कृतयुग थियो । पाल शासनकालमा मल्लकालमा र पृथ्वीनारायणका राज्यमा पनि.....**निजधरावारितद्यूतदोषः** भन्ने सत्ययुग थियो, आज पनि वैदिक कालको सत्य व्यवहार चलाऊँ भने सत्ययुग हुञ्छ हुञ्छ । चलाउनै पर्छ । सबै मिलि चलाऊँ । कल गरे कलि हुञ्छ, सत्य गरे सत्य हुञ्छ ।

एकै दिनमा चार युग हुञ्छन् । ६-६ घन्टाको . पन्द्र पन्द्र घडिको एक एक युग हुञ्छ । ब्रह्ममुहूर्त ४ वजे देखि दशवजे सम्म सत्ययुग हुञ्छ । दश वजेदखि ४ वजे सम्म त्रेता युग हुञ्छ । ४ वजे देखि रात्री दश वजेसम्म द्वापर युग हुञ्छ । रात्रि दश वजे देखि विहान ४ वजे सम्म कलियुग हुञ्छ । यसरी ६० घडी २४ घण्टा अहोरात्र भित्र पनि चारै युग आउँछन् जाञ्छन् र आफ्नु प्रभाव देखाउँछन् । विवेक दृष्टिले हेर्दा सबै छर्लङ्ङ देखिञ्छ । यो हो सामान्य प्राकृत नियम । यस्मा पनि मानव प्रयत्नले चाहे जस्तो युग वनाउँन सकिञ्छ ।

अनीश्वरवादीहरुले ईश्वर छैन भञ्छन् । तर वैदिक साम्यवादमा ईश्वर छ । प्रकृति पुरुष पनि छन् । संसार छ । संसारको जन्मदाता विधाता पनि छ । छोरा छोरी छन् । छोरा छोरीका जन्मदाता मातापिता पनि छन् । यसै गरी सबै चरा चरका जन्मदाता जगत्माता जगत् पिता पनि छन् । **माता च पार्वती देवी पिता देवो महेश्वरः । बान्धवा मानवाः सर्वे स्वदेशो भुवनत्रयम् ।** विश्वमानव जातिकी माता पार्वती हुन् पिता महादेव हुन् । समस्त मानव भाई बिना हुन् । तीनै लोक चौधै भुवन अनन्त कोटि ब्रह्माण्ड स्वदेश हुन् । परदेश भन्ने सङ्गीर्ण विचार हो । वैदिक साम्यवादमा **ॐ द्यौर्मे पिता । माता मे पृथिवी । पुत्रोऽहं पृथिव्याः । नमो मात्रे पृथिव्यै । अयं निजः परोवेति गणना लघुचेतसाम् । उदार चरितानां तु वसुधैव कुटुम्बकम् । ईशावास्यमिदं सर्वम् । सर्वं खल्विदं ब्रह्म । आत्मा खलु विश्वमूलम् । ॐ कृण्वन्तोविश्वमार्यम् । वेदोऽखिलो धर्ममूलम् । धर्मो धारयते प्रजाः । तस्माद्वा एतस्मादात्मन**

आकाशः सम्भूतः । आकाशाद् वायुः । वायोरग्निः अग्नेरापः । अद्भ्यः पृथ्वी । पृथिव्या अन्नम् । अन्नात् पुरुषः (प्राणी) पुरिततिं शेते पुरुषः । जीवः । समस्त-स्थावर- जङ्गम- जीव निवहः ।

यस विचित्र विश्वको निर्माता कुनै अकारण करुणावरुणालय छ । कारण नभै कार्य हुँदैन । कर्ता न भै कार्य हुन्न । कर्ता न भैकन यउटा सानु खरको छाप्रो वन्दैन । यौटा धोती वन्दैन । यौटो टोपी वन्दैन । कागत कलम मषी सियो केहि वन्दैन । कुनै वस्तुको निर्माता कुनै व्यक्ति वा संस्था हुनै पर्छ । तर कसैको कर्ता अगाडि प्रत्यक्ष देखिञ्छ । कसैको कर्ता परोक्ष हुञ्छ । तर केहि छ भने कोहि अवश्य छ । हाम्रा आँखाले देखोस् न देखोस् वाजे परवाजे अपर वाजे देखिन्नन् तर छैनन् थियनन् भन्न कसैले पाउन्न । छैनन भन्न सके पनि थियेनन् भन्न कसैले सक्तैन । तेस्तै ईश्वर छैन भन्न कसैले सक्तैन । भञ्छ भने आफूनै छैन । बौलाहाले मात्र म छैन. ईश्वर छैन. पुन्ने पाप छैन. स्वर्ग नर्ग छैन, नाता-पाता छैन, भछ्या भछ्ये छैन । चङ्गा न खानु, खाट न खानु. अरु सबै थोक खानु. जातिपाति छैन, विवेक विचार छैन, माञ्छे बनाउने कारखानालाई मात्तै किन ढोग्ने ? इत्यादि भञ्छ ।

वैदिक साम्यवादमा **पण्डिताः समदर्शिनः** हुञ्छन् **समवर्तिनः** हुन्नन् । विवेकी विवेक दृष्टिले सर्वत्र आत्मालाई टम्म सम्म देख्छन्. तर व्यवहार दृष्टिले संसारको कुलको मर्यादा पनि राखेर काम गर्छन् । जथा भावी गर्दैनन् । टकासेर खाजा, टका सेर भाजी पनि गर्दैनन् । यौटै हातमा पाँचौला सम्म हुन्नन् । रक्तमा. नाडीमा, सुख दुःखमा. थर गोत्र प्रवरमा. खान लाउनमा. यस्ता अरु काममा पनि सम्म हुञ्छन् । उचालाइ काटेर सम्म होचालाई तन्कायेर सम्म गर्ने चलन छैन । प्रकृति देवीले जे जस्तो गर्छिन संसारको सत्ता सम्म उस्तै रहञ्छ । महाप्रलयमा सबै जीव कल्याणमय शिवमा सम्म भयेर मिल्छन् । यौटै शिव मात्र रहन्छन् । त्यो वेला **सर्वं खल्विदं ब्रह्म** हुञ्छ ।

वैदिक साम्यवादमा अहिंसाको महिमा छ । अहिंसाको विवेक र परिसंख्या छ । वहुजन हिताय वहुजन सुखायका साथमा **ग्रामस्यार्थे कुलं त्यजेत्** छ । **अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः । क्षेत्रदाराहरश्चैव षडेते ह्याततायिनः । आततायिनमायान्तं हन्यादेवाविचारयन् । नतातयिवधे**

दोषो हन्तुर्भवति कश्चन । एकहिंसा लक्षरक्षा न हिंसा पालनं हि तत् । आततायी ६ प्रकारका हुञ्छन् । आगो लगाउने १ विष ख्वाउने २ हतियार लियेर हान्न आउने ३ धन हर्ने ४ भूमि हर्ने ५ नारी हर्ने ६ यस्ता आततायी जुन सुकै भये पनि कौनै विचार न गरेर तुरुन्त मारि दिनु पर्छ । आततायीलाई जसरी मारे पनि पाप छैन । यसको नाम हो परिसंख्या । यस्तो छ ता पनि यस्तो परेमा यस्तो गर्नु भन्ने विवेकको ठाउँ छ । यसैमा संसारको रमणीय स्थिति छ । **कीचकको भकुण्डो बनायेमा शरीरको रम्यता रहन्न** । पञ्चाङ्ग अष्टाङ्ग विभक्त राम्रा हुञ्छन् ।

वैदिक साम्यवादमा वाँडेर खाउँ, वाँडेर लाउ, वाँडेर बस भन्ने छ । सबैलाई भोका नाङ्गा सुकुमवासी राखेर एकले वाँदर नवन भन्ने छ । **दीयतामथ भुज्यतां । केवलाघो भवति केवलादी । अहमन्नमहमन्नमहमन्नम् । अहमन्नादोऽअहमन्नादोऽअहमन्नादः । अन्नं ब्रह्मा रसो विष्णुर्भोक्ता देवो महेश्वरः । एवं ज्ञात्वा तु यो भुङ्क्ते सोऽन्नदोषैर्न लिप्यते** । खाने कुरा सबै अन्न हो, अन्न ईश्वर हो, अन्न खाने पनि ईश्वरै हो यौटै ईश्वरले प्रकृति देवीका तीन गुणको विभाग गरेर तीन रूप लियेर तीन नामले सम्बोधित हुञ्छ । अन्न ब्रह्मा हो. अन्नको रस विष्णु हो. अन्न खाने रुद्र हो । यौटै ईश्वर सृष्टिमा रजोगुणको आश्रय लियेर ब्रह्मा हुञ्छ । स्थितिमा सत्त्व गुणको आश्रय लियेर विष्णु हुञ्छ । प्रलयमा तमोगुणको आश्रय लियेर रुद्र हुञ्छ । **बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः । प्रबलतमसे तत्संहारे हराय नमो नमः । जनसुखकृते सत्वद्रिक्तौ मृडाय नमो नमः । प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ।**

सर्वे भवन्तु सुखिनः भन्ने वैदिक साम्यवादमा म बाहेक अरु सबै सुखी रहुन् भनेको होइन । सर्वे भन्ने सर्व नाममा तँ म तिमी हामी यो त्यो इनि तिनि सबै सुखी रहुन् भनेको हो । सर्व भन्दा प्रथम मध्यम उत्तम सबैको ग्रहण हुञ्छ । वेदमा भेद छैन । वेदवादी भेदवादी हुन्न । वेद भनेको फेद हो । फेदमाथि सबै हाँगा विँगा जन्मेर वाँचेका हुञ्छन् । **सृष्टेर्मूलकन्दो भासा भासायाः पल्लवः सृष्टिः** । सृष्टिको मूल कन्द भासा हो । भासाका पालुवा सृष्टि हुन् । सृष्टि असंख्य छन् । **मूर्तित्वे परिकल्पितः शशभृतः** । भासा भनेको निरञ्जन निराकार ज्योतिः स्वरूप परमात्माको प्रतिनिधि प्रतिमूर्ति सूर्य हो ।

सूर्य आत्मा जगतस्तस्थुषश्च । स्थावर जङ्गम समस्त जगत्को आत्मा साकार ईश्वर सूर्य हो । **आत्मा वै पुत्रनामासि स जीव शरदः शतम्** । भन्ने आशीर्वाद छ । सूर्यका प्रकाशले चन्द्र तारा ग्रह नक्षत्र पृथ्वी प्रभृति सबै प्रकाशित छन् र जीवित छन् । सूर्य पनि ईश्वर वाट प्रकाशित छ । स्वतः प्रकाशित छैन । ईश्वर मात्र स्वतः प्रकाश, स्वतः प्रमाण छ । **ईश्वरलाई देखाउने अर्को ईश्वर चाहिन्न । वत्तिलाई देखाउँने अर्को वत्ति चाहिन्न ।**

वैदिक साम्यवादमा शिक्षाको प्रथम स्थान छ । **शिक्षाविकारे सकलो विकारः । शिक्षासुधारे सकलः सुधार** । शिक्षा विग्रे पछि सबै विग्रञ्छ । शिक्षा सप्रे पछि सबै सप्रञ्छ । शिक्षाले नै राजा रङ्क नर नारी बाल वृद्ध धनी निर्धन सबै बनाउँछ । तसर्थ शिक्षा राम्रो राख्ने व्यवस्था समाजका हातमा हुञ्छ । विदेशी विजाति विधर्मी शोषक सामन्ती शासनले शिक्षा शासनका हातमा राख्छ । वैदिक साम्यवादले शिक्षा जनताका हातमा राख्छ । देश काल पात्रानुकूल अनुशासनशील वैदिकानुशासन अनुसार शिक्षा विवेक पूर्ण राख्छ ।

वैदिक साम्यवादमा न्याय निष्पक्ष हुञ्छ । मेरो तेरो शत्रु मित्र सानु ठूलो जातिवाद. पातिवाद. नातावाद. कृपावाद. थैलावाद. रैलावाद. धनी निर्धन. प्रमाद. उपेक्षा, लिप्सा. विप्रलिप्सा. जुगुप्सा कुनै न गरी दुदको दुद् पानीको पानी नीरक्षीर विवेकी राजहंसले गर्ने न्याय हुञ्छ । वकिलका अकि(लले लेखियेका कागतका तागतमा भर न परी स्थानीय जनताका स्वस्थ सम्मतिले र धर्मशास्त्रले सङ्लो न्याय हुञ्छ । अन्याय अशान्ति कतै हुन्न । सर्वत्र निःशुल्क निष्कलङ्क राजहंसन्याय हुञ्छ ।

वैदिक साम्यवादमा शासक तीन जना हुञ्छन् । **गुरुरात्मवतां शास्ता राजा शास्ता दुरात्मनाम् । प्रच्छन्नकृतपापानी शास्ता वैवस्वतो यमः** आत्म(वान् अध्यात्मवादी सुशिक्षित अनुशासनशील, कुलीन शालीन सभ्य सज्जन र साधुसमाजका शास्ता गुरु गुरुकुल ऋषि मुनि ऋषि कल्प ज्ञानी ध्यानी योगीजन हुञ्छन् । उच्छृङ्खल उद्दण्ड उत्कोची अन्यायी लोभी पापी दुराचारी कदाचारी भ्रष्टाचारी अनाचारी स्वैरी समाजदूषक दुर्दान्त आदि दुष्टहरुका शास्ता राजा हुञ्छन् । लुकिछिपि पातक गर्ने चाँदीका जूत्ता मारेंगे आफ्ना काम निकाल लेंगे भन्ने घूस पेस लपन छपन हेराफेरी गरी १ नं. २

नं. जुकाले जस्तै गरी समाजको शोषण गर्ने, यस्ता अरु चोर डाँका प्रसाशनलाई पनि न टेर्ने समाज, कण्टकका शास्ता सर्वज्ञ यमराज हुञ्छन्।

वैदिक साम्यवादमा राजाले नित्य प्रति पञ्च महाँ यज्ञ गर्नु अनिवार्य हुञ्छ- **दुष्टस्य दण्डः सुजनस्य पूजा न्यायेन कोषस्य च सम्प्रवृद्धिः। अपक्षपातोऽर्थिषु राष्ट्ररक्षा पञ्चैव यज्ञाः कथिता नृपाणाम्।** राजा राष्ट्रं विरक्षति। **सप्ताङ्गप्रकृति राष्ट्रम्।** राजा प्रकृति रञ्जनात्। **स्वाम्यमात्यसुहृत्कोषराष्ट्रदुर्गबलानि च।** प्रकृतिकोपो हि सर्व कोपभ्यो गरीयान्। **हन्ति राष्ट्रं सनायकम् अनायका विनश्यन्ति नश्यन्ति बहुनायकाः ? स्त्रीनायका विनश्यन्ति नश्यन्ति शिशुनायकाः। मालाकार इव प्रयोग कुशलो राजा चिरं नन्दति।** दुष्टलाई दण्ड दिनै पर्छ। सज्जनको पूजा गर्नै पर्छ। अन्यायले हैन न्याय पूर्वक राष्ट्रकोषको वृद्धि गर्नु पर्छ। राष्ट्रकोष र राजकोष यौटै हुञ्छ। राष्ट्रध्वज र राजध्वज यौटै रहञ्छ। अर्थिहरू- विद्यार्थी. कन्यार्थी धनार्थी धान्यार्थी मानार्थी शरणार्थी क्षेत्रार्थी वासार्थी न्यायार्थी स्वास्थ्यार्थी दीक्षार्थी ज्ञानार्थी गवार्थी इत्यादि सबै अर्थिहरूमा निष्पक्ष दान दिनुपर्छ। हुल कुल आदि सबैतिरबाट राष्ट्रको वाह्य र आन्तरिक सबै प्रकार रक्षा गर्नुपर्छ। राजाले नित्य गर्नुपर्ने पञ्च महायज्ञ इनै हुन्। अरु **यज्ञ महाँयज्ञ गरोस् न गरोस् इँ पाँचै महायज्ञ राजाले राष्ट्रपतिले अध्यक्षले अथवा देशका कुनै पनि नायकले ई पञ्च महाँयज्ञ गर्नै पर्छ। नत्र सबैको नाश हुञ्छ।** सबैतिर वाट राष्ट्रको राम्ररी विशेष रक्षा गर्नेलाई राजा राष्ट्रपति आदि भनिञ्छ। राष्ट्रमा सात अङ्गका प्रकृति हुञ्छन्-- स्वामी अमात्य सुहृत् कोष राष्ट्र दुर्ग बल। स्वामी भनेको राजा राष्ट्रपति अध्यक्ष अधिनायक आदि हो। अमात्य भनेको मन्त्री सचिव परामर्शदाता आदि हो। सुहृत् भनेको राम्रो हृदय भयेका मित्र र मित्रराष्ट्रहरु हुन्। कोष भनेको राष्ट्रकोष राजकोष यौटै हुञ्छ। राष्ट्र भनेको राष्ट्र भरिका समस्त जनता हुन्। ठुङ्गो माटो पानी मात्र राष्ट्र होइन। राष्ट्र रक्षाका स्तम्भहरू दुर्ग हुन् र दुर्ग धेरै प्रकारका हुञ्छन्। जलदुर्ग मरुदुर्ग नरदुर्ग वनदुर्ग आदिमा सर्वोत्तम शैलदुर्ग हो. बल पनि धेरै प्रकारका हुञ्छन्- सैन्यबल जनबल धनबल मनोबल आदिमा उत्तम बुद्धिबल हो। **बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ?** आत्मबल पनि यही हो। बुद्धिमान् नायकले सातै अङ्ग परस्पर बलिष्ठ सम्बन्धले

मिलाई राख्छ । कुनै कारणले प्रकृति प्रकोप भो भने नायक समेत राष्ट्रको हत्या हुन्छ । सबै प्रकारका प्रकोप भन्दा प्रकृति प्रकोप प्रमुख हो । जसको योग्य यौटा नायक छैन तिनको नाश हुन्छ । जसका धेरै नाइके आपुङ्गी छन् तिनको पनि नाश हुन्छ । **एक गांव चौदह चौधरी जनता का करी ?** जस्की स्त्री नाइकेनी छ तेस्ताको पनि नाश हुन्छ । स्त्री भन्नाले जुन नायकको स्वभाव स्त्रीका जस्तो छ । अपवाद पनि हुन्छ- भृकुटी तारा दुर्गा चन्द्रप्रभा शुरप्रभा आदि आदर्श नारी योग्य नायक पनि हुन्छन् । जसको नायक शिशु छ अथवा शिशुस्वभावको छ तेस्ताको पनि नाश हुन्छ । दृष्टान्त प्रत्यक्ष छन् फूलवारीमा कुशल माली जस्तो ४ जात ३६ वर्णका फूलवारी देशको माली पनि **योग्यं योग्याय दातव्यम्** भनेर यथायोग्य स्थानमा योग्य व्यक्तित्व छानेर राख्न सक्ने र स्वयं कुशलतापूर्वक चलाउन सक्ने राजा राष्ट्रपति वा अध्यक्षादि कुनै प्रयोग कुशल नायक भयो भने सबैको चिरस्थायी भलो हुन्छ । तेस्तो योग्यनायक न पाइयेका खण्डमा समाजका मनीषी महर्षिहरुले नै चलाउनु पर्छ । जसरी धर्मका दुइटा अक्षरका आधारमा वैदिक कालमा वैदिक साम्यवाद चिरस्थायी भयेर चलेको थियो । **धर्मेणैव प्रजा सर्वा रक्षन्तेस्म परस्परम् । न राज्यं न च राजासीन् न दण्डो न च दाण्डिकः = प्रजासीत् केवलं भुवि ।**

वैदिक साम्यवादमा हुने घरको वेलुका मतो भनेर भात खाई सके पछि घरका परिवार एकत्र वसेर दिनभरि गरेको कार्यकलापको छल फल गरेर के-के काम भये ? कस्ता भये ? देवताले गर्ने कार्य भये कि ? मानवले गर्ने कर्म भये कि ? दानवले गर्ने कुकृत्य भये कि ? सबैले कल्याण गर्ने कर्म कुन कुन भये ? सबैको हानि गर्ने कुन कुन काम भये ? कुन कुन दोहऱ्याउँने ? कुन कुन न दोहऱ्याउने ? लाभ धर्म हो । हानि पाप हो । **आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्** भन्ने मानव धर्मको ध्यान राखेर-- **प्रत्यहं प्रत्यवेक्षेत नरश्चरितमात्मनः । किन्नु मे पशुभिस्तुल्यं किन्नु सत्पुरुषैरपि ।** भन्ने दिवसावसानकृत्य नित्य गर्ने प्रथा छ । यसले व्यक्ति परिवार समाज राष्ट्र विश्वको उत्थान हुन्छ, पतन हुन्न ।

वैदिक साम्यवादमा धनी र निर्धनको समानता छ । **धनवन्तमदातारन् दरिद्रं चातपस्विनम् । द्वावम्भसि निवेष्टव्यौ गले बद्ध्वा दृढां**

शिलाम्। धनी भैकन पनि दानी न हुने निर्धन भैकन पनि श्रमजीवी परिश्रमी उद्यमी न हुने दुवै समान अपराधी हुन् र समान दण्ड दिनुपर्छ। दुवैका गलामा ठूलो शिला बाँधेर गैरा पानीमा डुबाई दिनु पर्छ। यसो गर्दा तिनको पनि कल्याण हुन्छ। समाज देश राष्ट्र विश्वको पनि कल्याण हुन्छ। यस्तो निष्पक्ष दण्ड विधान हुन्छ। यथापराध दण्ड भो भने सबैलाई सन्तोष हुन्छ।

वैदिक साम्यवादमा शस्त्रको र शास्त्रको समान महत्त्व छ। **शस्त्रेण रक्षिते राष्ट्रे शास्त्रचिन्ता प्रवर्तते ब्रह्म च क्षत्रं चोभे श्रियमश्नुताम्।** शस्त्रद्वारा सुरक्षित राष्ट्रमात्र, शास्त्रको मनन चिन्तन पठन पाठन स्वाध्याय अनुसन्धान लेखन सर्जन उद्भावन आविष्कार हुन्छ। जस्तो राजर्षि मनु जनकादिका पाला भो। ब्रह्मशक्ति र क्षात्रशक्तिको समन्वय भयो भने मात्र राष्ट्रमा वाह्य र आभ्यन्तर शान्ति हुन्छ। विकास हुन्छ। आध्यात्मिक आधिदैविक आधिभौतिक उन्नति प्रगति हुन्छ र भोको नाङ्गो सुकुमवासी यौटो पनि रहन्न। देशका कुना-कुनामा समान शिक्षा न्याय यातायात खाने पानी सिँचाई पानी कृषि पशुपालन कुटीर उद्योग व्यापार वनपालन र जनपालन समान सन्तुलित भाउ हुन्छ र सर्वत्र शिवशान्ति हुन्छ शवशान्ति हुन्न। असन्तुष्ट यौटो पनि रहन्न।

वैदिक साम्यवादमा शिवशान्ति हुन्छ, शिवका परिवारमा जस्तो शान्तिमय शान्ति हुन्छ। वेन हिरण्यकशिपु रावण कंसादिका जस्तो शवशान्ति र अशान्तिमय शान्ति हुन्न। शव भनेको लाश मूर्दा हो। शवको शान्ति पनि शान्ति नै भनिन्छ तर त्यो कस्तो शान्ति हो ? सबै जान्दछन्। तेस्तो शान्ति कस्तै नास्तिकले पनि चाहन्न। शिवशान्ति भनेको शिवको शान्ति। शिव भनेको कल्याण। कल्याणमय कल्याणकारी शिवका हृदयमा जस्तो शान्ति छ, शिवका परिवारमा जस्तो शान्ति छ। त्यो हो शिवशान्ति। शिवका कैलास परिवारमा. शिवा पार्वतीमाताका भद्र परिवारमा सबै सदस्य ज्ञानमय तपोमय सन्तोषमय न्यायमय सद्भावमय कल्याणमय सुखसमृद्धिमय दानमय दयामय सत्यनिष्ठामय शान्ति. शिवा शिव केन्द्रबाट हुन्छ। एकातिर अन्नपूर्णा शिवा शक्ति पार्वतीमाताको वाहन सिंह सौम्य संयमी भद्र मुद्रामा बसेको छ। एकातिर शिवधर्म महाशास्त्रादि आगम-निगमद्वारा समस्त देव दानव मानवादि चराचर जगतलाई शिवशान्तिमय ज्ञान दियेर सबैलाई

ॐ
वैदिक साम्यवादः

वैदिक साम्यवादमा **सर्वे भवन्तु सुखिनः** भनेर चराचर स्थावर जङ्गम समस्त प्राणिगण सुखि राख्ने सिद्धान्त छ भने लौकिक साम्यवादमा मानव अधिकार रोटी रोजी गास वास कपासमा सिमित छ। तेसैले वैदिक साम्यवाद शाश्वत छ। लौकिक साम्यवाद परिवर्तनशील छ। बुद्ध सिद्धान्त **बहुजन हिताय बहुजन सुखाय** छ। वैदिक धर्मले **एष धर्मः सनातनः** भन्छ। बुद्ध सिद्धान्तले **एष धम्मो सनन्तनो** भन्छ। कुरो यौटै हो। वैदिक साम्यवादले **दशकं धर्मलक्षणम्** भन्छ। बौद्ध साम्यवादले **दशवल तव नित्यं सुप्रभातं प्रभातं** भन्छ। शिवगोरक्ष पतञ्जलिले **पञ्च यम पञ्च नियम** भन्छन्। बुद्धले संक्षेपमा **पञ्चशील** भन्छन्। "ऋषि मुनि भन्छन् धर्म यौटै सबैको"।

सृष्टिका आदिमा **नासदासीन्नोसदासीत्** न सत् थियो न असत् थियो। **आसीदिदं तमो भूतप्रज्ञातमलक्षम्** थियो, यो तमो भूत अज्ञात अलक्षण अपरिभाषित **अव्यक्तो व्यञ्जनयन्निदं** अव्ययहरुबाट व्यक्त गर्दै। **प्रादुरासीत तमोमुदः**। अन्धकार पञ्छाउने प्रकाश लियेर निरञ्जन निराकार ज्योतिःस्वरूप ईश्वर साकार भास्कर सूर्य भयेर आये। अनि **सूर्य आत्मा जगतस्तस्थुषश्च** सूर्य जगत्को पनि आत्मा हो। भनेर साकार निराकारको एकाकार भयो।

त्यो वेला **न राज्यं न च राजासीत् न दण्डो न च दाण्डिकः। धर्मेणैव प्रजाः सर्वा रक्षन्तेस्म परस्परम्**। न राजा थियो। न राज्य थिये। न दण्डा थियो। न दण्डादाता थियो। धर्मका दुईवटा अक्षरले सबैको परस्पर रक्षा गर्थे। आज पनि गरी रहेछन्। **धर्मो रक्षति रक्षितः** धर्म छाडा कोही न हौं। धर्म भनेको मानव धर्म हो मानवता नै वैदिक साम्यवाद हो। शिवम्!

योगी नरहरिनाथः

पुस्तक- **गोरक्ष साम्यवाद**
प्रकाशक- योगी नरहरिनाथ स्मृति वृहदाध्यात्मिकपरिषदः
(गोरक्षपीठ सिद्धाचल, मृगस्थली)
प्रकाशन मिति- २०७० फागुन १५ गते महाशिवरात्रि पर्व
योगी नरहरिनाथ ९९ औं जन्मजयन्तिको उपलक्षमा
प्रकाशन प्रति-
सम्पादक- योगी श्रीषनाथः
व्यवस्थापक- योगी व्याघ्रवेदनाथः दूरभाषः ९८५१०२७१६३
सर्वाधिकार- प्रकाशकमा
सहयोग-
टङ्कण- श्याम चौधरी
संस्करण- पाँचौं
मूल्य- सहयोग स्वरूप रू:
आवरण पृष्ठ- रामकृष्ण थापा
(ब्लुमिङ्ग क्रियटिभ हाउस प्रा.लि., वागवजार, काठमाण्डौ)
सम्पर्क-: ४२४०९७९

मुद्रक-

ॐ

वैदिक साम्यवादमा

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

सबै सुखी रहुन् । सबै निरोगी रहुन् । सबैले भलो देखुन् । कुनै यौटो पनि दुःखभागी न होस् भनेर ईश्वरका सृष्टि अनन्त कोटि ब्रह्माण्डका स्थावर जङ्गम ८४ लाख जातिका असंख्य जीव जन्तु सबै सर्वथा सर्वदा सर्वत्र सुखी रहुन् सुखी राखुन् । सबै सर्वदा सर्वथा सर्वत्र निरोगी रहुन् । निरोगी राखुन् । सबै सर्वदा सर्वथा सर्वत्र भलो देखुन् भलो गरुन् । सबै मध्ये यौटो चर अचर कुनै प्राणी कुनै प्रकारले पनि कैल्यै पनि दुःखी न होस् भन्ने दार्शनिक भावना मात्र होइन मनसा कर्मणा वाचा आचरण पनि छ । अरुका जस्तो मानव अधिकार मात्र भन्ने पनि छैन । प्राणिमात्रको ग्रहण छ । गास वास कपास मात्र भन्ने पनि छैन । कौनै एकाङ्गी खण्ड विचार न भइकन अखण्ड विचारधारा छ र **आचारः प्रथमो धर्मः** भन्ने धुव धारणा छ । अधिनायकवाद छैन । व्यक्ति स्वतन्त्रता छ । चार्वाक जस्तालाई पनि आफ्नो विचार व्यक्त गर्ने अधिकार छ । महिषासुर जस्ताको अस्त गरेर इन्द्र जस्ताको उदय गर्ने । वेन जस्ताको अस्त गरेर पृथु जस्ता को उदय गर्ने । हिरण्यकशिपु जस्ताको अस्त गरेर प्रह्लाद जस्ताको उदय गर्ने । रावण जस्ताको अस्त गरेर विभीषण जस्ताको उदय गर्ने । कंस जस्ताको अस्त गरेर उग्रसेन जस्ताको उदय गर्ने । यस्ता अनेक दृष्टान्त छन् । **इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति । तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥** भन्ने एकता शक्ति दुर्गाको घोषणा छ ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदा-त्मानं सृजाम्यहम् ॥ भन्ने पार्थसारथी कृष्णको घोषणा छ । **समुत्खाता नन्दा नवहृदयरोगा इव भुवः ।** भन्ने चाणक्यले नव नन्दाको अस्त गरेर चन्द्रगुप्तको उदय गरेको छ । सत्य धर्म न्यायका अगाडि कुनै नातावाद कृपावाद आदि पक्षपात छैन । देवर्षि. ब्रह्मर्षि. राजर्षि. वैश्यर्षि. शूद्रर्षि. पञ्चधा महर्षिहरूका ८८ हजार मुखिया. नवनाथ चौरासी सिद्ध आदि ज्ञानी ध्यानी ऋषि मुनि

मनु मानव मिलेर जे गर्दा राम्रो हुञ्छ । त्यै गर्ने चलन छ । तेरो मेरो भन्ने छैन । हाम्रो भन्ने राम्रो भावना उदार छ । **बहुजनहिताय बहुजनसुखाय धम्मो** । जे गर्दा बहुजन हित र बहुजन सुख हुञ्छ, त्यै हो धर्म भन्ने बौद्ध सिद्धान्त छ । यस्तै जैनादि सिद्धान्त छन् । संसारका सबै सज्जनको सिद्धान्त यौटै छ । बहुजन हित र सुख नै धर्म हो ? **ग्रामस्यार्थे कुलं त्यजेत्** । गाउँको भलो हुञ्छ भने यौटा घरलाई छोडी दिनु भन्ने मनुको सिद्धान्त छ । **सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः** भन्ने विश्वका समस्त विद्वानहरुको एकमत छ । **सर्वनाशो हि दुस्सहः** वैदिक साम्यवादमा हिंसाको र मांस भक्षणको कुनै स्थान छैन । वेदले भञ्छ -- मा हिंस्यात् सर्वाभूतानि । कुनै स्थावर जङ्गम जीवको हिंसा गर्नु हुन्न । मनुले भन्छ -- **अहिंसा परमो धर्मः** । अहिंसा परम धर्म हो, हिंसा महापाप हो । बुद्धले भञ्छ -- **अहिंसा परमो धम्मो** । अहिंसा नै परम धर्म हो, हिंसा नै परम पातक हो । **अकृत्वा प्राणिनां हिंसा मांसमुत्पद्यते क्वचित्** । कुनै प्राणीको हिंसा न गरीकन खेती पाती प्रभृति कुनै उपायले मांस (मांसु) उत्पन्न हुन्न । तसर्थ माँसु खानु हुन्न । मरेकाको मासु खाने मारेर खाने हुञ्छ । त्यसकारणले मासु खानु कदापि हुन्न. कथमपि हुन्न । **मांसादिनि कुतो दया ?** माँसु खानेमा कता दया ? **दया धर्मस्य मूलं हि** । दया नै धर्मको मूल हो । दया छैन. धर्म छैन । मार काट गर्दा काँडो विज्दा पनि आफुलाई दुख्छ भने अरुलाई पनि दुख्छ । **आत्मनः प्रतिकुलानी परेषां न समाचरेत्** । तसर्थ आफूलाई नराम्रो लाग्ने कौनै काम अरु प्रति गर्नु हुन्न । यसो गर्दा व्यक्तिस्वतन्त्रताको हनन हुञ्छ । यौटा हत्याका आठ जना हत्यारा हुञ्छन्:- **अनुमन्ता विशसिता निहन्ता क्रय-विक्रयी । संस्कर्ता चोपहर्ता च खादकश्चाष्ट घातकाः** । मार्ने अनुमति दिने १ मार्ने २ अङ्गभङ्ग गर्ने विला हाल्ने ३ किन्ने ४ वेचने ५ पकाउने ६ पस्कने ७ खाने ८ जना मध्ये पनि खाने सबै भन्दा ठुलो पातकी हत्यारो हो. कि न कि खाने न हुँदो हो त सातै जना हुने थियेनन् । **मत्स्यादः सर्वमांसादः** । माछा खाने सबैको माँसु खाने पापी ठहर्छ । किनकि माछाले सबैको माँसु खाञ्छ । **मां स भक्षयितामुत्र यस्य मांसमिहाद्म्यहम् । एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिणः** - माँसु शब्दको अर्थ यो हो- **मा**म् = मलाई, **स** = त्यो तेसै गरी अर्का जन्ममा मारेर खाने छ । जसरी तेसलाई मारेर मैले आँहाँ खात्रे । यही हो मासुको तत्त्व ।

अर्काको माँसु खानेले आफ्नु माँसु– ख्याउँनु पर्छ । पैंचो तिर्नु पर्छ । जस्तो खेती रोपिच्छ उस्तै फल खानु पर्छ । वैदिक साम्यवादमा सवै प्राणिको समान अधिकार छ । कसैले कसैको कुनै हानि गर्न पाइन्न । कुनै गर्छ भने गर्न पनि दिनु हुन्न । कमिला देखि हात्तीसम्म, दुवा देखि वर पिपल सम्म, चराचर प्राणीहरुमा आत्मा टम्म छ । आत्मा दुख्ने दुखाउने कौनै काम गर्नु गराउनु गर्न दिनु पनि हुन्न भन्ने सिद्धान्त छ ।

समत्वं योग उच्यते । समता नै योग हो । विषमता नै वियोग हो । योगमा वैदिक साम्यवाद छ । वैदिक साम्यवादमा योग छ । योग नै वैदिक साम्यवाद हो । वैदिक साम्यवाद नै योग हो । योग र वैदिक साम्य-वाद यौटै हो । **योगः कर्मसु कौशलम्** । विश्वका समस्त कर्म कलापमा कौशल प्राप्त गर्नु योग हो । आलस्यको नाम योग होइन । संसारका ६४ कला ६४ उपकलाहरूमा निपुणता प्राप्त गर्नु पनि योग हो । **कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः** । जनकादि राजर्षि र सनकादि देवर्षिहरू पनि कर्मले नै सिद्ध भयेका हुन् । अतः **कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः** । सत्कर्म गर्दै सय सय वर्ष सम्म मानवले वाँच्ने इच्छा राख्नु पर्छ । **उद्योगो योग उच्यते** । उद्योग पनि योग नै भनिन्छ । अध्यवसाय परिश्रम पनि योग हो । **उद्योगिनं पुरुषसिंहमुपैति लक्ष्मीर्दैवेन देयमिति का पुरुषा वदन्ति । दैवं निहत्य कुरु पौरुषमात्मशक्त्या यत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः ? पूर्वजन्मकृतं कर्म तद् दैवमिति कथ्यते** । पूर्वजन्ममा गरेको कर्म नै दैव हो र दैवका मात्र भर पर्ने होइन । आत्मशक्तिले पुरुषार्थ गर्नु पर्छ । प्रयत्न गर्दा पनि भयेन भने कुन त्रुटि रहच्यो ? भनेर परिशीलन गरी निर्दोष कर्म गरेमा अवश्य सिद्ध हुन्छ, पाखुराका भर पर्नु पर्छ । दैवले देला र खाउँला भन्नु हुन्न । दैवका आशामुखी काँतर हुन् । दैव भन्ने वस्तु आफ्नै हातको कमाई हो । जस्तो खेती गऱ्यो उस्तै खानु पर्छ । सुख दुःख अरुले दियेर पाइन्न । आफ्नै खेतीको फल हो । आम लाये आम खान पाइन्छ । निम लाये निम खानु पर्छ । कोदो रोपे कोदो खानु पर्छ, धान रोपे भात खान पाइन्छ । चैते रोपेको कात्तिक पाइन्छ । कात्तिक रोपेको चैत पाइन्छ । **अत्युग्रपुण्यपापानामिहैव फलमश्नुते** । अति उग्र कामको फल तत्काल पाइन्छ । प्रमाण प्रत्यक्ष छन् । जन्मदेखि

मृत्युसम्म मानव जीवन विद्योपार्जनमय छ । जानी न जानी प्रतिपल केही न केही नौलो कुरो मानवले सिकी रहच्छ । न भरी कनै मरी हाल्नु पर्छ र अर्का जन्ममा पनि पाइला–पाइलामा नौला नौला कुरा जानी रहनु पर्छ । **उपस्थिता प्राक्तनजन्मविद्या ।** पूर्वजन्मको विद्या पनि साथै उपस्थित हुच्छ । तेसैले कुनै छिटो टिपिछन् कुनै ढिलो टिपिछन्, तर टिपिछन् सबैले । निराशा मृत्युको नाम हो । **आशामयं जीवनम् ।** जीवन आशामय हुच्छ । उद्योगमय हुच्छ । अल्छी जिउँदै मरेको ठहर्छ । आफ्नै पेटका लागि पनि अर्काको मुख ताक्नु पर्छ भने त्यो मृत्यु नै हो । **मरे सो मागन जाय ।**

योगस्थः कुरु कर्माणि । योगमा रहेर सबै राम्रा कर्म गर्नु पर्छ । योग भनेको धर्म हो । धर्मका दश लक्षण हुच्छन् । **धृति क्षमा दम अस्तेय शौच इन्द्रिय निग्रह धी विद्या सत्य दया ।** योगका दश यम नियम हुच्छन् । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच सन्तोष तपस्या स्वाध्याय र ईश्वरप्रणिधान । पञ्चशीलमा इनै अहिंसा सत्य अस्तेय ब्रह्मचर्य अपरिग्रह छन् । योग भनौ धर्म भनौ पञ्चशील भनौ यौटै कुरो हो । शब्दमा अलि अलि अन्तर जस्तो देखिये पनि अर्थमा अन्तर नास्ति । **एकं सद् विप्रा बहुधा वदन्ति ।** यौटै ईश्वरको सृष्टि गर्दा एक नाम हुच्छ । स्थिति गर्दा अर्को नाम हुच्छ । उपसंहार गर्दा अर्कै नाम हुच्छ । तर **निस्त्रैगुण्ये शिवाय नमो नमः ।** त्रिगुणातीत अवस्थामा कल्याण स्वरूप शिव यौटै रहच्छ । **बहुलरजसे विश्वोत्पत्तौ भवाय नमो नमः । प्रबलतमसे तत्संहारे हराय नमो नमः । जनसुखकृते सत्त्वोद्रिक्तौ मृडाय नमो नमः । प्रमहसि पदे निस्त्रैगुण्ये शिवाय नमो नमः ।** वैदिक साम्यवादमा ईश्वर पनि छ । अरुले जीव सम्म जानेका छन् । वैदिक साम्यवादमा धर्म पनि छ, मानव धर्म छ । अरुले धर्मलाइ अफिन मानेका छन् । तर धर्म अफिन होइन । **विश्वलाई स्वस्थ रूपमा धारण गर्ने ईश्वरीय प्राकृतिक नियमको नाम धर्म हो ।** अरुलाई गास वास कपास भये पुग्छ । तर वैदिक साम्यवादमा शरीरलाई गास वास कपास आदि चाहिच्छन् । मनलाई शान्ति सन्तोष आदि चाहिच्छन् । बुद्धिलाई **सत्यं शिवं सुन्दरं** चाहिच्छन् । अरुलाई मरे पछि केही चाहिन्न । वैदिक साम्यवादलाई मरे पछि पनि **सत् चित् आनन्दमय धाम** चाहिच्छ । **तज्जलानिति शान्त उपासीत ।** जसबाट जन्मेको हो, जस्मा जीवित थियो, जस्मा गयेर लीन

हुने हो, त्यो केन्द्र सबैको यौटै छ। एकताको केन्द्रविन्दु हिन्दुमात्रको हैन, सबै मानवको र सबै चराचर प्राणीको यौटै छ। जाने पनि छ, न जाने पनि छ। माने पनि छ, न माने पनि छ। सूर्यलाई कसैले माने पनि छ न माने पनि छ। चन्द्रमालाई कसैले माने पनि छ, न माने पनि छ। आगो माने पनि छ न माने पनि छ। पानी माने पनि छ न माने पनि छ। पृथ्वी माने पनि छ न माने पनि छ। अन्धाले देखेन भन्दैमा खामु छैन भन्नु हुदैन। उल्लूले देखेन भन्दैमा भास्कर छैन भन्नु छैन। छैन भनेर हात हाले पनि आगाले पोल्छ पोल्छ। छैन भनेर हाम्फाले पनि पानीले डुवाउँछ डुवाउँछ। छैन भनेर कुहुनाले हाने पनि पहरो छ छ। यस्तै कसैले कुनै कारणले ईश्वर छैन भनेर न माने पनि ईश्वर छ छ। जस्ले जे भने पनि रिसाउन्न। आफ्ना काममा लागि रहञ्छ, काम गर्ने माञ्छेलाई मुद्दा गर्ने छुट्टि छैन। **मुर्दाले मात्र मुद्दा गर्छन्।** ईश्वर मुर्दा हैन। ईश्वर निरञ्जन निराकार ज्योतिः स्वरूप सत् चित् आनन्दमय छ। हामी सबै ईश्वरका सन्तान हौं अज्ञानी केटाकेटीले जे भने पनि माता पिता रिसाउन्नन्। **कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति।** नदी समुद्रको वाटो विर्सेर दाऱ्या वाऱ्या लागे पनि छिटो न भये ढिलो घुमि फिरि समुद्रैमा पुग्छ। जीवले शिवलाई विर्सेर यता उता भट्के पनि चौरासी परिक्रमा गरेर एकदिन आइ पुग्छ। अज्ञानमद यौवनमद धनमद मानमद पदमद आदि कुनै मदले जीवन भर ईश्वर नास्ति भनेर उर्ले पनि कुर्ले पनि मर्ने वेला म भन्दा पनि कुनै वलियो रैछ भनेर **योऽसि सोऽसि नमोऽस्तुते** भनेर खुट्टा तानेर मर्छ। रोइ मर्दछ विज्ञान, ज्ञान हाँसेर मर्दछ।

ईश्वर छ। ईश्वर निराकार भैकन साकार छ। ईश्वर निष्क्रिय भैकन सक्रिय छ। ईश्वर एक भैकन अनेक छ। ईश्वर अणु भैकन महान् छ। अणु परमाणुमा टम्म छ। ईश्वर परोक्ष भैकन प्रत्यक्ष छ। चराचर जीवजन्तुका मनमन्दिरमा **साक्षी चेता केवलो निर्गुणश्च** भयेर टम्म वसेको छ। कुनै ठाउँ ईश्वर देखि खाली छैन। **क्षिति-जल पवनात्म-व्यौम-वह्नीन्दु-सूर्या जगति विततरूपा मूर्तयोऽष्टौ हि यस्य।** ईश्वरका साकार विराट अष्ट मूर्ति- पृथ्वी जल अग्नि वायु आकाश चन्द्र सूर्य आत्मा (जीवात्मा) प्रत्यक्ष स्वरूपमा विद्यमान छन् र **तत् सृष्ट्वा तदेवानुप्राविशत्।** अष्टमूर्तिका सृष्टि गरेर आठै

मूर्तिका मनोमन्दिरमा घरपैसो गरी जसले घरलाई चलाई राखेको छ । डोको वुनेर डोको ओढेर नाची रहे छ। हेर्नेले डोको मात्र आफै नाचेको देख्छ भने के गर्नु ? **यन्त्रारूढानि मायया । हृद्देशेऽर्जुन तिष्ठति ।** सवै हृदयमा ईश्वरको डेरा छ । **ईशावास्यमिदं सर्वम् । सर्वं खल्विदं ब्रह्म ।**

उइलेका चार्वाक जस्ता ऐलेका चार्वाकले पनि भन्छन् :-- उइल्या कुरा खुइले, ऐल्या कुरा ले ? किन्तु उइल्या कुरा खुइले भन्ने आफै खुइले । पृथ्वी जल तेज वायु आकाश उइलेकै छन् । इनै पञ्च महाभूतले बनेको तेरो शरीर पनि उइलेकै हो । शब्द स्पर्श रूप रस गन्ध पञ्च तन्मात्रा उइलेकै हुन् । नौलो कसैले केही बनायेको छैन । उइल्या कुरा खुइले नै भन्ने हो भने उइलेका पाँचै महाँभूत छोडी दे । पाँचै तन्मात्रा छोडी दे । पञ्च महाँभूतको पिँजरा शरीर पनि छोडि दे । सवै नौलो ऐलेको ले र उसैमा वसेर कुरा गर । हामी त उइलेको पुरानामा नै वसेर कुरा गर्छौं ।

हाम्रो नौलो आकाश पनि छैन धर्ती पनि छैन । हामी पुरानैमा अटायेका छौं । हाम्रो सदातन छ. सनातन छ । **आत्मा खलु विश्वमूलम् ।** विश्वको मूल आत्मा उइले कै छ । **आत्मनः प्रतिकूलानि परेषां न समाचरेत्** आफूलाई नराम्रो लाग्ने कौनै काम पनि अरु प्रति न गर्नु भन्ने आचारसंहिता पनि उइलेकै छ । उइल्या कुरा खुइले भन्नेले उइलेको यौटो कुरा पनि राख्न पाइन्न । पृथ्वी पानी आगो वतास आकाश गन्ध रस रूप तातो श्वास शब्द आदि सवै खारेज गर्नु पर्छ । प्रथम पृथ्वी र पार्थिव शरीर छोडनु पर्‍यो अनि अरु पुराना रुढी वुढी आदि भये भरका थाङ्ना साउने खहरेमा फालेर, सवै कुरा नौला सुकिला मुकिला लायेर कुरा गर्नु पर्ला । उइलेका पृथ्वीमा पाइला हाल्न पाइन्न । उइलेको पानी मुखमा हाल्न पाइन्न । उइलेका उज्यालो मा आँखा तर्न पाइन्न । उइलेका वतासमा सास फेर्न पाइन्न । उइलेका आकाशमा टाउको ठडचाउन पाइन्न । सवै आफ्नै वनाउनु । सवै नौलै नौला वनाउनु पर्छ। डाँडा काँडा, खोला नाला नद नदी समुद्र ढुंङ्गा माटो.चन्द्र सूर्य तारा ग्रह नक्षत्र घाँस पात वृक्ष लहरा फल फूल. अन्नादि समस्त वस्तु उइलेका फालेर ऐलेका आफ्नै नौला नौला झिलिमिलि वनाउनु पर्छ। अनि उइलेका पञ्चभूत वाहेकको आफ्नै नौला पञ्चभूत भाको सरिल बनायेर आफ्नै शब्दसृष्टि गरेर कुरा गर । अनिमात्र उइल्या कुरा खुइले भन्न पाइन्छ

क्रममा नेपाललाई लुट्नेहरूको कुरा उठेमा सबै गोर्खालीले खुकुरी बोक्नु पर्छ, शत्रुलाई छप्काउनुपर्छ भनेर तमाम नेपालीहरूलाई आफ्नो देश बचाउन उत्सुक बनाउनु हुन्छ । तर हिंसामा विश्वास गर्नु हुन्न ।

"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सबै जातको फूलवारी हो, सबैलाई चेतना भया । यो फूलवारीका छोटा वडा चारै जात छत्तिसै वर्णले यो असली हिन्दुस्थाना हो, आफ्ना कुल धर्म न छोडनु" इत्यादि दिव्य उपदेश दियेर गएका छन् । हाम्रो कुल धर्म के हो ? यो पनि जान्नै पर्दछ । जसले ॐकार मूलक मन्त्रको जप गर्छन्, गाईलाई आमा मान्छन् । संस्कृत भाषामा नाम राख्छन् । वेदलाई आदिम ज्ञान राशी र मूल धर्मशास्त्र मान्दछन् । कैलासकूटको मुकुट, टोपी, पटुका, घण्टा, मन्दिर, स्तूप, गुम्बा, भोटो, चोलो, शुण्डाल, कच्छार (सुरुवाल कछाड) ॐ गौः श्रीः शब्द चित्र ६४ वर्णको ठूलो वर्णमाला भेष, भुषा, शैली शिल्प वस्तुकला मानेका छन् । त्यो विश्वविख्यात वीर गोर्खाली जाति कर्मठ मनस्वी स्वाभिमानी र ज्ञानी छ, जसले गुलामी जानेको छैन । विश्वका नौ करोड गोर्खालीहरूले आफ्ना मानव धर्मको रक्षा गर्नुपर्छ ।"

"वि.सं. १८७२ को तथाकथित प्रस्तावित सुगौलीसन्धि झुटो हो कीर्ते हो । राजाको लालमोहर र हस्ताक्षर भएको छैन र हामी नौकोटि गोर्खालीलाई मान्य छैन । कुराकानी चलाउन पठाएका गजराज मिश्र र चन्द्रशेखर उपाध्याय दुईजना कर्मचारीले हिमाली विशाल गोर्खा राज्यका चार खण्ड छोडेर मेची-महाकाली भित्र खुम्चियेको सानो भूपरिवेष्ठित एउटा टुक्रामा मात्र सन्तोष गर्नु भनेर सर्वाधिकार सम्पन्न प्रतिनिधि बनाएर पठाएको थिएन । सन् १९४७, अगष्ट १५ राति १२ बजे दिल्लीको लाल किल्लामा नेहरूको हातमा सुम्पेर जानेवेला फिरङ्गीले आफ्ना भूभाग लिएर राजकाज चलाउनुहोस् भन्ने शब्दावली अनुसार जिन्नाले पाकिस्तान बनायो । आज हामी नौ कोटि गोर्खालीहरूले मिलेर कीर्ते सुगौली सन्धि अघिको भू-भाग फिर्ता गर भन्ने नारा नौ कोटि कण्ठबाट एक्कै चोटी प्रकट गर्नु पऱ्यो ।"

-योगी नरहरिनाथः
जय गोर्खाबाट ।
-दीर्घराज प्रसाई

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

राष्ट्राभिमानी निर्भीक व्यक्तित्व योगी नरहरिनाथः

उत्कट राष्ट्र प्रेम र स्वाभिमानको चिनारी गराउँन योजीजीको आफ्नै स्वदेश सन्देश नामक २०२९ मा प्रकाशित कविताका यी पंक्तिहरू निकै

सफल देखिञ्छन । स्वदेशको भन्दा विदेशको महत्त्व गाउने आफ्नो अमूल्य प्राकृतिक साधनस्रोत विदेशी पोल्टामा सुम्पदा पनि देशका तमाम जनतालाई झुक्यायेर भ्रममा पारेर विदेशीको चाकडी गर्न नछाडने विदेशमा गयेर विदेशीकै आँखाले आफ्नो मुलुक हेर्ने पहिले विदेशी भाषामा मूलप्रति तयार गरेर मात्र राष्ट्र भाषामा उल्था गर्ने देश दर्शनको वास्तै नगरी विदेशकै दौडाहा गर्न लालयित हुने जस्ता अत्यन्त अशोभनीय र राष्ट्रिय भावना शून्य मनमस्तिष्क लिने प्रवृति प्रति तिखो प्रहार गरेका छन् यहाँ योगीले । इतिहासको महती उपादेयता स्थापित गरेर निष्ठापूर्वक स्वदेशलाई बलियो खदिलो र सम्पन्न बनाउँने दृढ प्रतिबद्धता जाहेर गर्ने यी कविताका हरफहरू साच्चै मार्मिक हृदयस्पर्शी र प्रेरणादायी देखिञ्छन् । स्वदेशको अनुहार चिन्ने र चिनाउने स्वदेशको अस्तित्व गर्वगौरव जोगाउने निर्विकल्प साधन इतिहास हो भन्ने धारणा व्यक्त भैरहेको छ कवितामा । आफ्नो धर्म संस्कृति, आचार, विचार राम्ररी जानेर संस्कार बसिसकेपछि अरुका संस्कारले प्रतिकूल प्रभाव पार्न नसक्ने तिर कविताले राम्रो निर्देश गरिरहेको पाइन्छ ।

आफ्नो भाषा, इतिहास र धर्म संस्कृतिहरू देशका धरोधर हुन् । वैभव हुन्, प्राण हुन् । यिनको समुचित रूपमा संरक्षण संवर्द्धन र समादर गरेर नै हामी आफ्नो मुलुकलाई ओजस्वी तेजस्वी बनाउन सक्छौं । अर्काको आरोप लाञ्छना र दुर्भावनालाई निरस्त गर्न सक्छौं, यो अभिप्राय पनि कविताले देखाएकै छ ।

स्वदेश देखेर विदेश देखौं
स्वदेश लेखेर विदेश लेखौं
स्वदेश जानेर विदेश जानौं
स्वदेश मानेर विदेश मानौं ।
स्वधर्म जानी परधर्म जानौं
स्वधर्म ठानी परकर्म ठानौं
स्वयं बनी कर्मठ सत्यनिष्ठ
यसो गरी देश गरौं बलिष्ठ ।
स्वदेश जान्ने कसरी भनेर
स्वदेश धान्ने कसरी भनेर
स्वदेशको यो अनुहार जान्ने
आसी छ हाम्रो इतिहास भन्ने ।

मृगस्थलीमा अवस्थित योगीको आश्रममा पुग्ने जोसुकैले पनि भित्तामा झुण्डिरहेका सुगौली सन्धिपूर्वको वृहत् नेपालको नक्सा र दिव्योपदेश सहितको पृथ्वीनारायणको तस्वीर देखेकै हुन्छ । मृगस्थली वा अन्यत्र कतै रहेका बेला भेट्न जाने व्यक्तिले योगीजीलाई पूजा-पाठमा संलग्न रहेको, ध्यान समाधिमा बसेको वा मन्दिर दर्शनमा गएको सुन्दैन, देख्तैन । जसले आश्रममा अन्त भेट्छ लेखिरहेको कि पढिरहेको वा राष्ट्र चिन्ता गरिरहेकै देख्तछ । विशाल नेपालको नक्सा, पृथ्वीनारायण साह र दिव्योपदेशको सम्मानका पछाडि योगीजीको कट्टर राष्ट्रवादका पोषक चिन्तनहरू लुकेका छन् । विदेशी दासता र प्रभुत्वलाई ठाडै इन्कार गर्दै आफ्नो शान्त सुन्दर प्रिय जन्म भूमिलाई सदा स्वतन्त्र आत्म निर्भर र स्वाभिमानी बनाउने विशाल विशाल भावना रहेका छन् । सुगौली सन्धी जस्तो राष्ट्रघाती कदमप्रति वितृष्णा जगाई राख्न, यस्ता काम कारवाइ फेरि दोहोरिन नदिन- 'यो दुनियाँमा असम्भव के छ र' भन्दै नेपाली समाजमा महान्-महान् आशा आकांक्षा जगाई राख्नु नै होला । वृहत् नेपालको मानचित्र प्रति योगीजीबाट विशेष आदर सम्मान व्यक्त भयेको । सुगौली सन्धिले निश्चित गरेको सीमा नाघेर सैनिक शिविर राखियेको कुरा प्रमाणित भइसकेको र महाकालीमा १९ हजार ६ सय वर्गफिट जति जमिन मिचियेको वस्तुतथ्य चर्चित भइरहेको स्थितिमा विशाल नेपालको मानचित्र देखाएर नेपालीहरूलाई सतर्क र सचेष्ट तुल्याइरहने दूरगामी चिन्तनलाई कसरी सर्वथा अनुचित हो भनी दिने ? योगीजीको यो कविताले पनि यस्तै कुराको सङ्केत त गर्दैन र ?

गोर्खा सैनिक कोटमा कटकमा कैलासका कूटमा
गङ्गाका तटमा हिमाल मुकुटमा राष्ट्रध्वजा भोटमा
हल्ली हल्लि वतासले विजयाका वाजासितै तालमा
लम्क्यो लम्किरहोस् सदा अटल होस् शार्दूलका चालमा ।

राष्ट्रको मान, मर्यादा भङ्ग भयेको विधि व्यवस्थामा आँच आयेको, उच्च-उच्च राष्ट्रिय दायित्वप्रति उपेक्षा र उदासिनता देखियो भने योगीजीका भद्रता, शालिनताका पर्खालहरू भत्कन थाल्दछन्, चोटिला प्रहारहरू वज्रन थाल्दछन्, वाग्वाणहरू हुत्तिएर लोभी, पापी, स्वार्थी, कपटी र दासहरूका छाति छेड्न पुग्दछन् । उनका तीखा तीखा वाग्वाणहरूले कसैलाई छोड्दैनन् । ठूलो वा सानो स्वदेशी वा प्रदेशी जाति वा सम्प्रदाय कुनै वास्ता गर्दैनन् । "छाता ओढ्नेले समाउन पनि जान्नु पर्छ यो असली हिन्दुस्थाना हो, हिन्दु देशका

धर्म संस्कृतिमा आक्रमण गर्ने देशको सांस्कृतिक शरीरलाई क्षतविक्षत तुल्याउन खोज्ने तत्त्वहरूलाई पृथ्वीनारायणलेझैं सदाका लागि तह लगाउनु पर्छ, धपाउनुपर्छ" भन्ने र राष्ट्र भाषामा सम्मानसूचक मानियेका विदेशी भाषाका कतिपय शब्दहरू उच्चारण गर्न नपरोस भनेर राजा महेन्द्रसँग हिन्दीमा वार्तालाप गर्ने जस्ता अनेकौं प्रसङ्गहरू योगीजीको राष्ट्रिय स्वाभिमान उदारहण बनेर रहेकै छन् ।

-शिवहरि मरहट्टा

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थवाट

बहुआयामिक व्यक्तित्वप्रति अभिनन्दन

जव वहाँहरूले संस्कृतको श्लोकहरू सहितको धारा प्रवाह प्रवचनद्वारा नेपालको गरिमा र महिमा प्रस्तुत गर्नुभयो तव तस्वीर जस्तो भएर टक्क अडिन पुगें । आफू संस्कृतको ज्ञाता न भए पनि पूजारी भयेकी र नेपाल राष्ट्रप्रति अगाध भक्ति भयेकोले योगीजीको प्रवचन सुन्ने सौभाग्य पाएकोमा गद्‌गद् भये । नेपाल आमाले त्यस्तो सुपुत्र जन्मायेकोमा नेपालकी छोरीको नाताले ठूलो गौरवको अनुभव गरें ।

२. वाहिरंवाट भित्रियेको आधुनिक राजनैतिक सिद्धान्त भनियेको साम्यवाद बारे श्रीयोगीजीले अत्यन्त युक्तियुक्त तर्कद्वारा समन्वयात्मक वैदिक साम्यवादको रूपमा हेर्नु पर्ने गरी विश्लेषण गर्नु भयेको छ र नेपालका साम्यवादी समूहहरूलाई आफ्नै मातृभूमिको धरातलमा उभिएर चिन्तन-मनन गर्न ध्यान आकर्षण गर्नु भएको छ । वहाँ आधुनिक वर्ग सङ्घर्षको साम्यवादमा विश्वास गर्नु हुन्न । वहाँ त वैदिक मन्त्रवाट उद्‌घोषित

"सहनाववतु सहनौ भुनक्तु सहवीर्यंकरवावहै ।
तेजस्विनावधीतमस्तु मा विद्विषावहै ।"

यस्तो अभ्यासवाट पनि वैदिककालको परम साम्यवादमा पुगिञ्छ भन्नेमा विश्वास राख्दै उहाँ उद्धहरण गर्नु हुञ्छ-

न राज्यं न च राजासीन्न दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा रक्षन्तेस्म परस्परम् ।

-अङ्गुरबावा जोशी

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थवाट

योगीजी र नकारात्मक पक्षहरू

मानव त्रुटि, असावधानी, लापरवाही तथा घमण्डको पुतला हो भन्दा अत्युक्ति नहोला जसमा घमण्डको मात्रा धेरै हुन्छ। जातीय घमण्ड, धनको घमण्ड, बलको घमण्ड, विद्याको घमण्ड, वाठो पनाको घमण्ड, पदको घमण्ड, जनमनको घमण्ड आदि अनेक घमण्डका प्रकारहरु छन्। उपर्युक्त कुनै पनि घमण्ड योगीजीमा छैनन्। परन्तु स्वधर्म, संस्कृति सभ्यता र राष्ट्रियताको स्वाभिमान भने योगीजीमा भरियेको छ। के म नेपाली हुँ भन्नु घमण्ड हो र ? म हिन्दु हुँ भन्नु घमण्ड हो त ? स्वाभिक स्वरूपलाई नकार्न सकिदैन भने वनावटीपनालाई चाहिँ अंगाल्न सकिदैन। सरलता, सादगीपन निस्पृह र स्पष्टवादी हुनु योगीजीको स्वभाव नै देखिन्छ। अति सरलपनाले गर्दा योगीजीको चारै तिर भूत, पिशाच छौंडा डाकिनी, वोक्सी आदि वरपर घेरिएर आन्द्रा, भूँडी खोतल्न बसेको चालपाउनु हुन्न। त्यसैले योगीजीलाई बदनाम गर्नेहरूको पनि कमी देखिएन।

साथै स्पष्टवादी हुनु, चाटुकारिताको दुनियाँमा खतरनाक सिद्ध भयेको देखियो। त्यसले गर्दा योगीजीले प्रत्येक कोटिहोमहरूमा शास्त्रार्थ पनि गर्नुपऱ्यो। धर्म छैन, ईश्वर छैन, घ्यु चामल डढाएर के हुन्छ ? इत्यादि प्रश्नहरूको धुइरोमा योगीजी सहजै पार लाग्नुभयो।

शास्त्रार्थका विरोधीहरू मित्र भए, सहयोगी भए। कर्मवीर, बृहद् आध्यात्मिक आदि समस्त संस्थाहरूको सहयोगी, योगीजीका परम सहयोगी हुन्। साथै जनताहरूको पनि प्रशस्त सहयोग रहच्यो। योगीजीका असल सहयोगी महानुभावहरू र जनता जनार्दन योगीजीको इतिहाससँग जोडिएर अमर हुनु भयेको छ। जसले योगी नरहरिनाथलाई योगी नरहरिनाथ बनाएको। परन्तु योगीजीको झक्झकाई नभए जनता पनि जाग्ने थियेनन्। सहयोगीहरू पनि सहयोगी हुने थिएनन्। त्यसैले योगीजी र उहाँका सहयोगीहरूमा अन्योन्याश्रय सम्बन्ध हुन पुग्यो। एक्काइसौं शताब्दीका गोरक्षनाथ योगी नरहरिनाथ नै हो भने अत्युक्ति नहोला जस्तो लाग्छ। योगीजीका यी नकारात्मक पक्षहरू पनि सकारात्मक नै हुन पुगेका छन्। 'संखिया' भन्ने विष हुन्छ। तर कविराजहरूले सोधन गरेर विरामीलाई दिँदा ओखतीको काम गर्छ। विरामी निको हुन्छ। अब त्यसलाई विष भन्ने

कि अमृत ? जे भन्नु र मान्न इच्छा लाग्छ त्यही गर्नुहोस् 'यथेच्छसि तथा कुरु 'गीता' दोषज्ञ भन्दा गुणज्ञ ठूलो र बुद्धिमान हुन्छ । योगीजीको यो अति सङ्क्षेपमा लेखेको लेख हो । राम्ररी लेख्नु पर्दा ठेलीको ठेली ग्रन्थ हुन सक्छ । आवाल ब्रह्मचारी, आजीवन पदयात्री, आजीवन विद्यार्थी, महिनौं अन्न नखाएर दूवो, जडीबुटीहरूबाट जीवन चलाउने, राष्ट्र र राष्ट्रधर्मका ज्यूँदो प्रहरीको नाम हो योगी नरहरिनाथः ।

यस्तो साधना र तपस्या गर्ने नेपाली आमाको अर्को छोरा जन्मेला कि नजन्मेला भन्न गाह्रो छ ।

डा. स्वामी प्रपन्नाचार्य

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

योगीजीको व्यक्तिगत होईन योद्धाको लडाईको वर्णन गर्न खोजेको छु ।

कर्णाली किनारको लालु गा.वि.स. वडा नं ६ चाखा वा भँडारीवाडामा १९७१ फाल्गुन १७ गते जन्मनु भएका योगीजी संभवत अहिलेको अँध्यारो क्षेत्रको सब भन्दा चम्किलो तारा हुनुहुन्छ । योगीजी नभएको भए सायद खसानको इतिहास नै लेखिने थिएन र वर्तमान नेपाल राज्यको सबभन्दा जेठो सभ्यता कर्णाली सभ्यताको पहिचान हुने थिएन । यदि त्यसो नभएको भए चार जात अर्थात खसान राष्ट्र, मगरात राष्ट्र, किरॉत राष्ट्र, जडान राष्ट्र.....आदि 'जात' को यो फूलबारी भन्ने कुरालाई विश्वविद्यालयको कागजी प्रमाण-पत्र लिएका कुपमण्डुकहरुले, फूलबारीमा फुल्ने एक थरी फूललाई "भतुवा" भनिने थिए भने किरॉती, मगराती आदि चीनबाट आएका "भतुवा" भनिने थिए र यो फूलबारी हिलेघारीमा परिणत हुने थियो । आज एउटा योगीले मदेशदेखि हिमालयसम्म र इरावतीदेखि सिन्धसम्मको यात्रा गरी हिमवत् खण्डका धुलोमाटो पातपतिंगर चालेर केही यस्ता पदचिह्नहरु बनाएको छ जसबाट हाम्रो सातहजार वर्ष पुरानो सभ्यता र संस्कृतिको उज्यालो प्रकाश हामीले भेट्न सक्ने भएका छौं ।

मलाई इतिहास पढ्दा योगी नरहरिनाथ र प्रा. जिसेफ टुची बाहेक कसैले प्रभावित गर्न सकेको छैन । योगीजीले नेपालीहरु असभ्य जङ्गली जाति भनी ठान्नेहरुलाई जवाफ दिएका मात्र छैनन् विदेशीहरुका नियम

कानूनहरुको नक्कल गरेर आनो भाषा संस्कृति विगारेर हिजो पनि कतै यो राष्ट्र कसैको अधीनमा त थिएन भन्ने भ्रमहरुका झार उमार्नेहरुलाई पनि जवाफ दिने ऐतिहासिक सामग्री सङ्कलन एवं प्रकाशन गर्ने काम समय मै गर्न सफल हुनु भएको छ। दुतावास वा दरबारका इशारामा काम गर्नेहरुले जे जति भ्रम फैलाए पनि योगी यस देशको सच्चा देशभक्त हुनुहुन्छ। उहाँका र मेरा राजनैतिक पूर्वाग्रह अलग हुन सक्छन्। तर कुन व्यक्ति कति इमान्दार र विद्वान् छ भन्ने कुरा विचारका अन्तरले फरक पर्ने कुरा होइन। योगीका देनहरुलाई यदि देशभक्त प्रजातन्त्रवादी नेपालीहरुले समयमै उचित मूल्याङ्कन गर्न सकेनन् भने मलाई लाग्छ उनीहरुको प्राप्ति अझ टाढाको विषय वस्तु हुनेछ। आज स-साना राष्ट्रियताको प्रश्न होस, राष्ट्रिय वा भाषिक साँस्कृतिक समानताको लडाई होस् वा पूर्ण स्वाधीन प्रजातान्त्रिक नेपालको निर्माणको प्रश्न होस्। त्यो योगीले हाम्रा सामु पस्केको सभ्यता, संस्कृति र इतिहास कै जगमा मात्र खडा हुन सक्दछ। त्यसैले योगीजीबारे कसैले खोजी गर्दछ। उहाँका विचार र दृष्टि विन्दू अनि खोजको बारेमा केही योगदान दिन्छ भने त्यो काम स्तुत्य नहुने प्रश्नै छैन।

गोविन्दजी !

म मार्क्सवादी विचारमा दीक्षित पेशेवर पत्रकार हुँ भन्ने तपाईलाई थाहै छ। मलाई साम्यवाद जर्मनी वा यूरोपको देन हो जस्तो लाग्यो तर योगीजीले साम्यवादको पनि वैदिक व्याख्या प्रस्तुत गरेर दर्शन र विचारमा हामी पूर्वका मानव समुदायको अगुवाई र साम्यवाद हाम्रा आनै दर्शन रहेछ भन्ने प्रभावित गरेको देख्या, उहाँ प्रति मेरो श्रद्धा यति वढी हुन गएको छ जति म मार्क्स लेनिन र माओलाई गर्छु। योगीजीले-

न राज्यं न च राजासीन्न दण्डो न च दाण्डिकाः।
न राज्यं न च राजासीन्नत् प्रजासीत वेवात भुवी।
धर्मेणैव प्रजाः सर्वा रक्ष्यन्तेस्म परस्परम्।

यो श्लोकको प्रस्तुति, व्याख्या र साम्यवादको वैदिक स्वरूपको विवेचनाले आज नेपालको साम्यवादी आन्दोलनमा एक पाटोमा योगीजी हुनुहुन्छ भने अर्को पाटो कम्युनिष्ट क्रान्तिकारीहरु रहेका छन्। हरेक दर्शन र विचारलाई यान्त्रिक नक्कल गर्नु भन्दा मौलिक रूपमा ग्रहण गर्ने

प्रश्नमा योगीको योगदान अतुलनीय छ भन्ने मेरो धारणा छ । योगीजी दार्शनिक मात्र नभई द्रष्टा पनि हुनु भएकोले उहाँले भविष्यमा आउने साम्यवादी व्यवस्थाहरूलाई हाम्रा आनै चिन्तनको धरातलमा खडा गर्नु भएको देखिन्छ । योगीजीको वैदिक साम्यवाद प्राप्तिको वाटो छैन त्यसैले त्यहाँ वर्गसमन्वयको मात्रै परिकल्पना छ । तर यथार्थमा जव अमेरिकाले इराक घेर्छ योगीजी सद्दाम हुसैनको समर्थनमा अमेरिकी साम्राज्यवादीहरु विरुद्ध कुर्लिन हुन्छ । उहाँको दर्शनमा नभए पनि जीवनमा वर्गसंघर्ष छ । उहाँ असमानता, अन्याय, अतिक्रमण आदि आदि कुनै कुरा सहनु हुँदैन । वैदिककालको जस्तो शासक विहीन, सेना विहीन र राज्य यन्त्र विहीन साम्यवादका व्याख्याता योगीजी अहिले राष्ट्रिय स्वाधीनता, समानता र मौलिक जातीय संस्कृति निर्माणको संघर्षका कहिले नथाक्ने योद्धा हुनुहुन्छ । वहाँ स्वयम् आनो वारेमा कसैले केही नभनुन् र राष्ट्र, जाति, देश, समानता, पीडित जनसमुदाय र उपेक्षित क्षेत्रवारे वोलुन भन्ने चाहनु हुन्छ । त्यसैले मैले जानेका वुझेका कतिपय जरुरी कुराहरु पनि व्यवस्थित रूपमा लेख्न हिच्किचाउनु परिरहेछ । तैपनि मलाई लागेको छ म योगीजी भन्ने कुनै व्यक्ति होइन एउटा मृत प्रायः अवस्थामा रहेको जाति र राष्ट्रमा प्राण फुक्न आफ्नो जीवन अर्पण गर्ने योद्धाको लडाईको वर्णन गर्न खोजिरहेको छु ।

२०५१/६/१३

पूल्चोक, ललितपुर

शुभेच्छु

प्रेम कैदी

योगी नरहरिनाथः जीवन एवं कर्म

धर्मो विश्वस्य जगतः प्रतिष्ठा । धर्मो निस्सिीमभूमा । सेवा धर्मः परमगहनो योगिनामप्यगम्यः । अयन्तु परमो धर्मो यद्योगेनात्मदर्शनम् ॥ धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । तस्माद् धर्मो न हन्तव्यो मानो धर्मो हतो वधीत् ॥ यो धर्म बाधते धर्मो न स धर्म उदाहृतः । धर्मेण लभ्यते सर्व धर्मे सर्व प्रतिष्ठितम् ॥ यतो धर्मस्ततो जयः ! । भूयो भूयो भाविनो भूमिपालान् नत्वा नत्वा याचते रामचन्द्रः । सामान्योऽयं धर्मसेतुर्नृपाणां काले काले पालनीयो भवद्भिः ॥ बहुभिर्वसुधा दत्ता राजभिः सगरादिभिः । यस्य यस्य यदा भूमिस्तस्य तस्य तदा फलम् ॥ स्वदत्तां परदत्तां वा यो हरेच्च वसुन्धराम् । षष्टिं वर्षसहस्राणां विष्ठायां जायते कृमिः ॥ सगरः सागरं चक्रं पृथुना पृथवी कृता । मान्धता मानसं चक्रे मनुना मानवा कृताः ॥ यो यस्मिन् समये राजा जायतेऽत्र तपोबलात् । तेनायं धर्मिणा धर्मः पालनीयः प्रयत्नतः ॥ शत्रुरेवहि शत्रु स्याद् धर्मः शत्रुर्न कस्यचित् । शत्रुणापि कृतो धर्मः पालनीयः स्वधर्मवत् ॥ मम वंशे परिक्षीणे, अन्यवंशे नृपो भवेत् । तस्याहं पादलग्नोऽस्मि मम धर्मं न लोपयेत् ॥ दानपालनयोर्मध्ये दानाच्छ्रेयोऽनुपालनम् ।

ये प्राक्तनावनिभुजां जगती हितानां, धर्म्या स्थितिं स्थितिकृतामनुपालयेयुः । लक्ष्म्या समेत्य सुचिरं निजभार्ययेव, प्रत्यापि वासवसमा दिवि ते वसेयुः ॥ सुवर्णमेकं गामेकां भूमेरप्येकमङ्गुलम् । हरन् नरकमाप्नोति यावदिन्द्राश्चतुर्दश ॥ गां पङ्गाद् ब्राह्मणीं दास्याद् वृतिं लोपाद् द्विजं वधात् । मोचयन् मुच्यते पापादाजन्ममरणान्तिकात् ॥ शरीरमाद्यं खलु धर्मसाधनम् । शरीरं व्याधिमन्दिरम् । स्वास्थ्यं हि परमो धर्मः । जगत्स्वास्थ्यं परो धर्मः । सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ॥

धर्मानुवाद

धारण गर्नु र पोषण गर्नु धर्मको धर्म हो । जुन वस्तुको जस्तो स्वभाव छ, त्यै त्यसको धर्म हो । धारण गर्नाले धर्मलाई धर्म भनिच्छ । धर्मले आकाश आदि महाभूत तथा समस्त प्राकृतिक प्रजाको धारण गर्छ, त्यो धर्म हो । यसरी जो धारणरूपी धर्मले युक्त छ, त्यै धर्म हो-- यो निश्चय छ । वेद, वेदानुकूल धर्मशास्त्र, वेद र धर्मशास्त्रानुकूल सज्जनहरूको आचार श्रुति स्मृति सदाचारानुरूप आफ्नु प्यारो आत्मनिश्चय यो चार प्रकारको साक्षात्धर्मलक्षण धर्मशास्त्रीहरूले भनेका छन् । धैर्य धारण गर्नु, क्षमा गर्नु, मनलाई वशमा राख्नु, कुनै चोरी नगर्नु, सबै प्रकारको पवित्रता राख्नु, ज्ञानेन्द्रिय, कर्मेन्द्रियहरूलाई वशमा राख्नु, धारणाशील-बुद्धिलाई शुद्ध राख्नु, पराविद्या र अपराविद्याको पठन-पाठन गर्नु, मन वचन कर्मले सत्यको

पालन गर्नु, क्रोध नगर्नु, दया गर्नु यो दश प्रकारको सर्वसामान्य मानव धर्मको लक्षण हो । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी पाँच यम हुन् । शौच सन्तोष, तपस्या, स्वाध्याय ईश्वरप्रणिधान यी पाँच नियम पनि मानवताका लक्षण हुन् । अखिल वेद नै अखिल धर्मको मूल हो । धर्मशास्त्र शील स्वभाव सदाचार वेदले गर्नु भनेर विधान गरेको धर्म हो । वेदले नगर्नु भनेर निषेध गरेको अधर्म हो । राग द्वेष रहित सज्जनहरुले नित्य विधिपूर्वक आचरण गरेको र आफ्नै शुद्ध हृदयले अनुमति दिएको जो धर्म छ मानव धर्म तथा वैदिक धर्म त्यही हो भनेर समस्त मानवले जान्नु पर्छ । जसबाट इहलोकमा अभ्युदय भौतिक उन्नति र परलोकमा निश्रेयससिद्धि मोक्ष लक्षको प्राप्ति हुन्छ, त्यै धर्म हो । जो मनुष्य जसमा जस्तो व्यवहार गर्छ, त्यसमा त्यस्तै व्यवहार गर्नु, त्यही धर्म हो । मायाजाल फैलाउनेसित मायाजालले नै बर्ताउ गर्नु पर्छ । साधु आचार गर्नेका साथमा साधु नै भयेर व्यवहार गर्नु पर्छ । शठका साथमा शठता नै गर्नु पर्छ । कुटिलहरुका साथमा ऋजुता गर्नु नीति हैन धर्म पनि हैन । आफ्ना प्रतिकूल कुनै कामकुरा अरु प्रति गर्नु हुन्न, यो धर्म हो । धर्म समस्त जगत्को आधार हो । धर्मको कुनै सीमा छैन, धर्म भूमा छ । सेवारूपि धर्म परम गहन छ र योगिहरुका लागि पनि परम अगम्य छ । यो त परम धर्म हो, जो अष्टाङ्ग योगद्वारा आत्मदर्शन गरिञ्छ । धर्मले नै मारे मार्छ, पाले पाल्छ, त्यसकारणले धर्मको हत्या गर्नु हुन्न, हाम्रो हत्या पनि धर्मले नगरोस् । जो धर्म धर्मका नामले धर्मलाई बाधा दिञ्छ, त्यो धर्म धर्म हैन, धर्मनामधारी अधर्म हो । जता धर्म छ, उतै जय हुञ्छ ।

वार वार भावी भूपतिहरुलाई धेरै धेरै नमस्कार गरेर रामचन्द्रले याचना गर्दछ-- यो धर्म सेतु सबैको साझा हो । समय समयमा तपाईहरुले जिर्णोद्धार संरक्षण गर्दै रहनु होला । सगरादि धेरै राजाहरुले समय-समयमा भूमिदान गरे । जुनबेला जसको भूमि हुञ्छ, त्यो बेला त्यसैको पुण्यफल हुञ्छ । आफूले दिएको वा अरुले दिएको भूमि जसले हरण गर्छ, त्यो साठ्ठी हजार वर्षसम्म विष्टामा किरो भैरहन्छ । सगरले सागर बनाये, पृथुले पृथ्वी बनाये, मानधाताले मानसरोवर बनाये । मनुले मानव बनाये, जुनबेला जो तपोबलले जाहाँ राजा हुञ्छ, त्यस बेला त्यस धर्मात्माले यस धर्मको प्रयत्नपूर्वक प्रतिपालन गर्नुपर्छ । शत्रुमात्र शत्रु हुञ्छ, धर्म कसैको शत्रु हुँदैन । शत्रुले गरेको धर्म भये पनि स्वधर्म सम्झेर प्रतिपालन गर्नुपर्छ । मेरो वंश खिएर अन्य वंशको राजा भए पनि त्यसको म पाउ लागि गर्छु ।

मेरो धर्मलोप नगरोस् । दान र दानको पालन मध्ये, दानभन्दा अनुपालन श्रेयस्कर छ । जो जगत्का हितकारी स्थितिकर्ता पुरातन राजाहरुको धार्मिक स्थितिको अनुपालन गर्लान्, तिनीहरु आहाँ चिरकाल पर्यन्त निज भार्या भैं राजलक्ष्मीका साथमा रही मरेर पनि इन्द्र समान भयेर स्वर्गवास गरुन् । यौटा सुवर्ण मुद्रा, यौटी गाई, एक अङ्गुल भूमिहरण गर्ने नरकवास पाउँछ जब सम्म चौध इन्द्र शासन गर्छन् । गाईलाई धापवाट, ब्राह्मणीलाई दासीत्ववाट, वृत्तिलाई लोपवाट, द्विजलाई बधवाट मुक्त गर्ने आजन्म मरण पर्यन्त गरेका पापबाट मुक्त हुन्छ । शरीर धर्मको आद्य साधन हो । शरीर रोगको पनि घर हो । स्वास्थ्य नै परम धर्म हो । जगत्को स्वास्थ्य नै परम धर्म हो । सबै सुखी रहुन् । सबै निरोगी हुन्, सबैले भलो देखुन्, भलै गरुन्, एउटा प्राणी पनि दुःखी नहोस् । यो हो मानव धर्म तथा धार्मिक भावना ।

न्यायकारी अकारण करुणावरुणालय परमपिता परमात्मा एवं परम शिव र शिवकी इच्छा शक्तिरूपा जगदम्वा शिवाले सर्वदा सर्वथा सर्वत्र दुवै वर्गको साथै रक्षा गरुन् । साथै दुवै वर्गको लागि सुखभोग दिउन् । सबै तिरबाट प्रतिपालन गरुन् । साथै वीर्यवान् बनाउन्, बलवान् र सर्वशक्तिसम्पन्न बनाउन्, हामी दुवै वर्गले पढे पढाएको स्वाध्याय गरेको शास्त्र तेजस्वी होस् । तेजस्वी बनाओस् । हामीले प्राप्त गरेको जन्मसिद्ध मानव अधिकार र राष्ट्रिय अधिकार ओजस्वी रहोस् । सबैलाई ओजस्वी बनाओस् । सर्वत्र मानवता जागरूक रहोस् । अभद्र भावना र भाषा कतै नहोस् । राग द्वेष ईर्ष्या कलह असन्तोष अशान्ति र अकल्याणकारी कौनै काम नहोस् । **वसुधैव कुटुम्बकम्** भन्ने भावना स्थायी रहोस् । यो हो वैदिक साम्यवादको वर्गसमन्वय । आजका शिक्षामा यो छैन, त्यसैले यस्तो छ । **अर्थशौचवारे न मृद्वारि शुचिः शुचिः । योऽर्थतस्तु शुचिः शुचिः ।**

माटो पानी लगायेर शुचि मात्र शुचि होइन, तर सच्चा सुचि त्यो हो जो अर्थले शुचि छ । अर्थात् जस्को लेखाजोखा चोखो छ र सत्यको कमाइ छ त्यो विशेष चोखो हो । जो दया र सत्यको रक्षक छ र पवित्र उपार्जनले जीविका गर्छ । लोभानी पापानी गर्दैन । **मितं भुङ्क्ते अमितं कर्म कृत्वा ।** अर्थशास्त्रको अनर्थ गर्दैन **आयादल्पतरो व्ययः ।** भनेर आय भन्दा व्यय थोरै गर्छ । तनशुद्धि मनशुद्धि धनशुद्धि अन्नशुद्धि सर्वसुद्धि भएको मानव नै यथार्थ शुचि हो । वैदिक साम्यवादमा यस्तो अर्थशौच हुन्छ ।

ॐ कलिः शयानो भवति । उज्जिहानस्तु द्वापरः । उत्तिष्ठंस्त्रेता भवति । कृतं सम्पद्यते चरन् । तस्माच्चरैव चरैवेति ॥

व्यक्ति जाति समाज र देश राष्ट्र जो भये पनि सुतुवा अल्छी कलियुग हो । उठौं कि नउठौं भनेर सन्देह संशय गर्ने द्वापरयुग हो । लट्टी टेकेर उत्थानशील विकासोन्मुख त्रिखुट्टे त्रेतायुग हो । नर नारीका सवल दुवै खुट्टाले उभियेर, राम्रो उच्च लक्ष्य ताकेर सत्यपथमा लम्कने प्रगतिशील सत्ययुग हो । वैदिक युग यस्ता छन्- ।

ॐ चत्वारि श्रृङ्गा त्रयोऽअस्य पादा द्वे शीर्षे सप्तहप्तासोऽअस्य ।
त्रेधा बद्धोवृषभो रोरवीति महादेवो मर्त्यानाविवेश ।

चारओटा सिङ छन् । तिनोटा पाउ छन् । दुइटा शिर छन् । सातोटा हात छन् यसका ॥ तीन प्रकारले तीन ठाउँमा बाधियको छ । वृषभ वसाहा वारम्वार गर्जदै उत्सवले उत्साह गर्दै महान् देवता मर्त्यलोकमा मानवादिहरूका हृदयमा आयेर प्रवेश गर्दैछ अर्थात् यस शब्दब्रह्म ध्वनिशास्त्रका परा पश्यन्ती मध्यमा वैखरी तथा नाम आख्यात उपसर्ग निपात ४ सिङ छन् । उदात्त अनुदात्त स्वरित, ह्रस्व, दीर्घ, प्लुत, एकवचन, द्विवचन, वहुवचन, भूत भविष्य वर्तमान आदि ३ पाउ छन् । सुवन्त तिङन्त २ शिर छन् । प्रथमा द्वितीया तृतीया चतुर्थी पञ्चमा षष्ठी सप्तमी ७ विभक्तिका सात हात छन् । शिरसि उरसि कण्ठे शिरमा छातिमा कण्ठमा तीन ठाउँ मा ३ प्रकारले त्रिषवणले बाँधिएको समस्त मनःकामनाको अमृत वर्षा गर्ने उत्साह सम्पन्न चौसट्ठी वर्णको । षोडश मात्राको । सात स्वरको । तीन ग्रामको । सर्वलक्षण संपन्न सर्वाङ्गपूर्ण र सर्वत्र सुलभ छ । आकाशगामी गोकुलका वसाहा जस्तो **वाचं धेनुमुपासीत यथेमां वाचं कल्याणी मा वदानि जनेभ्यः** । भनियेकी कल्याणी वेदवाणीको प्राणवल्लभ वृषभ शब्द ब्रह्म मानवादि समस्त प्राणिगणका हृदयगुहामा आयेर प्रवेश गर्छ । मातृभाषाका रूपमा प्रकृत्या प्रवेश गरी रहेको छ । जसले गर्दा सवैको व्यवहार छोटो र छिटो छरितो भएको छ । **अग्निर्यथैको भुवनं प्रविष्टो रूपं रूपं प्रतिरूपं बभूव** । जसरी सूर्यपुत्र अग्नि यउटै सारा भुवनमा प्रवेश गरेर नाना रूपको भयेको छ । त्यस्तै शब्दब्रह्म पनि **तत् सृष्ट्वा तदेवानुप्राविशत्** । सारा सृष्टि गरेर सृष्टिमा प्रवेश गरी सृष्टिको सञ्चालन गरी रहेछ । शब्दब्रह्म सर्वत्र टम्म छ । सम्म छ । कुनै ठाउँ खाली छैन । यो पनि वैदिक साम्यवाद हो ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥

त्यो शब्दब्रह्म स्वयम् पूर्ण छ । सर्वत्र पूर्ण छ । त्यो पूर्ण हुनाले त्यसबाट जन्मेको यो जगत् पनि पूर्ण छ । पूर्णबाट पूर्णै उम्रञ्छ । पूर्णको पूर्णता लिएर

पूर्ण पूर्णै शेष रहञ्छ । जस्तो गणितको पूर्णाङ्क ० शून्य सर्वदा सर्वथा सर्वत्र ० शून्य नै रहन्छ । जत्ति घटाए पनि उत्ति । जत्ति वढाए पनि उत्ति । उत्तिको उत्ति । निर्विकार अव्यय । पूर्ण आत्मा ब्रह्म पनि यस्तै छ ।

सदृशं त्रिषुलिङ्गेषु सर्वासु च विभक्तिषु ।
वचनेषु च सर्वेषु यन्नव्येति तदव्ययम् ॥

तीनै लिङ्गमा तीनै कालमा समान, सातै विभक्तिमा समान, तीनै वचनमा समान । कतै पनि जस्को विकृति हुन्न, त्यो अव्यय अक्षय ब्रह्म शब्दब्रह्म हो ।

सह नाववतु । सह नौ भुनक्तु । सह वीर्यंकरवावहै ।
तेजस्वि नावधीतमस्तु मा विद्विषावहै ॥

हामी दुवै गुरु शिष्य । माता पिता । पति पत्नी । छोरा छोरी । भाइविना । सखा सखी । इष्ट मित्र । नेता कार्यकर्ता । राजा प्रजा । सेना सेनापति । गृह गृहपति । कुल कुलपति । राष्ट्र राष्ट्रपति । ग्राम ग्राममुख्य । गाँउ र गाँउका मुखिया । हली रोपनेरी । सभा सभापति । वक्ता श्रोता । मोही नलसिंह । लामा चुम्वा । अधिकृत कर्मचारी तथा तथा सवै साथी । इत्यादि विश्वमानवपरिवारमा हामीहरुले अध्ययन अध्यापन गरेको वेदादि शास्त्र पायेको जन्मसिद्ध अधिकारको निष्पक्ष न्यायकारी अकारण करुणा वरुणालय परमपिता परमात्मा एवं शिवकी इच्छा शक्तिरूपा जगदम्वा शिवाले सर्वदा सर्वथा सर्वत्र दुवैको रक्षा साथै गरुन् । साथै सवै सुख भोग दिउन् । साथै उत्साह प्रदान गरुन् । साथै गुणगान र अपेक्षित पदार्थ प्रदान गरुन् । समान रूपमा सवैले समस्त सुख सम्पदा पाउँ । हाम्रो आपसमा राग द्वेष ईर्ष्या कलह ट ठ टर्रो तितो पिरो पिर मर्का पार्ने कौनै व्यवहार नहोस् । सदा सर्वदा सौम्य मधुर व्यवहार होस् । देश स्वर्ग होस् ।

मित्रस्य चक्षुषा समीक्षे । मित्रस्य चक्षुषा समीक्षन्ताम् । मित्रस्य चक्षुषा समीक्षा महे । अनुशासन-शीलस्य नित्यं वृद्धोपसेविनः । चत्वारितस्य वर्धन्ते आयुर्विद्यायशोवलम् ॥

जो सदा अनुशासनशील रहेर ज्ञानवयोवृद्ध माता पिता गुरुजनको सेवा गर्छ । सज्जनको सङ्ग र सत्शास्त्रको स्वाध्याय गर्छ । त्यसका सदा चार कुरा वढी रहञ्छन् । आयुर्विद्या यश र बल ।

यत्रापि कुत्रापि गता भवन्ति हंसा महीमण्डलमण्डलाय ।
हानिस्तु तेषां हि सरोवराणां येषां मरालैः सह विप्रयोगः ॥

ती अनुशासनशील सुपात्र छात्र स्नातकहरू विश्वमा जता गए पनि दुदको

दुद पानीको पानी छान्ने राजहाँस जस्ता भूमण्डलका अलङ्कार हुञ्छन् । हानि भने तिनैको हुञ्छ जो सित तिनको वियोग हुञ्छ ।

कुलं पवित्रं जननी कृतार्था विश्वम्भरा पुण्यवती च तेन ।
अपारसंवित्सुखसागरेऽस्मिंल्लीनं परे ब्रह्मणि यस्य चेतः ॥

त्यस पुत्रकी त्यस पुत्रीकी जननी कृतार्थ हुञ्छिन्, कुल पनि पवित्र हुञ्छ र जन्मभूमि पुण्यतीर्थ हुञ्छन्, धाम हुञ्छन् । जसको चित्त अपार सुख संवित् सागर स्वरूप परब्रह्ममा लीन हुञ्छ । जुन कुलमा ज्ञानी ध्यानी मुनि सन्तान जन्मञ्छन् । ती कुल पवित्र हुञ्छन् ।

तदस्ति नास्तीतिय एष संशयः परस्य वाक्यैर्न मामत्र निश्चयः ।
अवेत्य तत्त्वं तपसा शमेन च स्वयं ग्रहिष्यामि यदत्र निश्चितम् ॥

यो आत्मा वुभन ईश्वर छ भञ्छन् कसैले, छैन भञ्छन् कसैले, त्यो अस्ति नास्तिको जो शङ्का छ त्यसका विषयमा हाम्रो यहाँ निश्चय पराया वाक्यले हुन सक्दैन । यो त तपस्या उपशम समाधिले स्वयम् प्रत्यक्ष गरेर ग्रहण गर्नेछौं । जो त्राहाँ निश्चित छ ।

विश्वनाथ-कृपा-दृष्टया विश्वकल्याण-काम्यया ।
विश्वहिन्दु-हिता जाता विश्वहिन्दु-महासभा ॥

विश्व-हिन्दु महासभा

समग्र विश्वका हिन्दुहरूको हित गर्नको लागि विश्व हिन्दु महासभाको जन्म भयेको छ । ॐकारलाई मूल मन्त्र मान्ने. गौलाई माता मान्ने, संस्कृत भाषामा नाम राख्ने, वेदलाई आदि ज्ञानराशि मान्ने, विश्वका समस्त मानव हिन्दु हुन् । हिन्दु धर्म मानव धर्म हो । हिन्दु हित साधनाद्वारा मानव मात्र होइन, अपितु समस्त प्राणीहरूको कल्याण गर्ने विश्व हिन्दु महासभाको मूल उद्देश्य हो ।

कृण्वन्तो विश्वमार्यम्, कुर्वन्ते विश्वम् आर्यम्, गर्दै ती पनि विश्वलाई आर्य जस्तै अठासी हजार महर्षिगण विश्वको यात्रा गरेका थिए । त्यस्तै आज पनि यात्रा गर्नु अनिवार्य छ । गतिशील त्रिकालदर्शी महर्षिहरुको सभ्यता संस्कृति अरु धर्मको आर्यता अथवा हिन्दुता भनिन्छ । ऋषि दर्शन, ऋष गतौ, ऋष ज्ञाने, दर्शन गति ज्ञान, त्रिकालदर्शी, गतिशील ज्ञानीलाई ऋषिमुनि भञ्छन् । महान् ऋषिलाई महर्षि भनिन्छ । मन ज्ञाने, मनु अवबोधनेबाट मनु र मुनि बञ्छ । **मन्तारो वेदतन्वावमन्तारो मुनयोमनवश्च** मननशील वेदका तत्वज्ञ सर्वज्ञ ज्ञानीजनहरुलाई मुनि र मनु भनिन्छ । मुनिबाट मौन बञ्छ । मानववाट मानवता बनिन्छन् । ऋषि मुनि महर्षि महामुनि मनु मानव मानवता प्रवृतिहरुकी उत्पत्ति यस्तै हुञ्छिन् ।

यस कुराको जान्ने जनाउने मान्ने मनाउने प्रत्येक मानवका प्रथम कर्तव्य हुन् । विद्सत्तायाम, विद्लृलाभे, विद्ज्ञानेबाट विद्या वेद वेदी विद्वान् विद्यार्थी विद्यार्थीनी विद्यालय विश्वविद्यालय आदि वन्छन् । महाकुल कुलीन आर्य सभ्य सज्जन साधुको सिन्धु अथवा हिन्दु भनिञ्छ । हिन्दु ऋषिमुनिहरुका सन्तति हुन् । हिन्दुको धर्म संस्कृति सभ्यता भावना प्रभृति हिन्दुत्व कहलाउँछ । हिन्दुमा हिन्दुत्व हुञ्छ । हिमालयमा विश्वका मेरुदण्ड अरुका मानदण्ड हो । हिमालयको हि कन्याकुमारीको इन्दु सरोवरको इन्दुको मेलबाट हिन्दुबाट हिन्दु हुञ्छ । हिन्दुहरूका स्थान हिन्दुस्थान कहलाउँछ । हिन्दुस्थानमा बस्ने बस्नेवाला सबै हिन्दुस्थान कहलाउँछ । हिन्दु देश हिन्दु राज्य हिन्दुराष्ट्र हो । हिन्दुस्थानबाट हिन्दुत्व लिएर विश्वको कुनै देशमा बस्ने सबै देश हिन्दुबन्धुवर्ग हिन्दु हो । विश्वभरका हिन्दुहरुका हित गर्ने विश्व हिन्दु महासभाका स्वभाविक धर्म हो । संहिता र सङ्गतिमा सबैका हित निहित छ । अतः विश्वकल्याणकारी परमपिता परमात्माका विश्वास वेद भनिञ्छ ।

सङ्गच्छध्वम् । संवद्ध्वम् । संवोमनांसिजानताम् । सङ्गठन गरौं । सम्मेलन, सभ्यताबाट सबै मिलेर सभामा शान्त दान्त स्वस्थ भएर बसौं । संवाद गरौं, भद्र भाषामा प्रश्न उत्तर शङ्का समाधान गरौं । विवाद नगरौं । तब तिम्रो मनमा सत्यं शिवं सुन्दरम् सत्यं ज्ञानं अनन्तम् ब्रह्मको बोध हुञ्छ । ज्ञानी त परमात्माका आत्मा हो । **ज्ञानी त्वात्मैव मे मतम् ।** अज्ञानीहरू लड्छन् । ज्ञानीहरु लड्दैनन् । सिन्धुका समान असंख्य गुणरत्नहरुका अखण्ड भण्डारको हिन्दु भनिन्छ । हिन्दुको भावना यस्तो छ ।

संसारका समस्त चौरासीलाख जातिका चराचर प्राणिगण सर्वदा सर्वथा सर्वत्र सुखी रहुन् । सबै निरोगी रहुन् । कुनै प्रकारको पनि रोग नहोस् सबैको भलो होस् । भलो गर्ने भलो देख्ने कुनै प्राणीको पनि दुःख देख्न नपरोस् । सबै सुखी होस्, दुःखी एउटा पनि नहोस् । यी हिन्दु भावना हो । हिन्दु धर्म नै मानव धर्म हो । विश्वमा मानव धर्मका प्रचार प्रसार गरेर विश्वलाई सर्वथा सर्वदा सर्वत्र स्वस्थ राख्ने **विश्व हिन्दु महासभाको** मूल उद्देश्य हो । यसबाट सहमत समस्त हिन्दु विश्वहिन्दु महासभाका सदस्य बन्न सक्छ । धन्यवाद । **सहना ववतु । सहनौ भुनक्तु । सहवीर्यंकरवावहै तेजस्विनावधीतमस्तु । मा विद्विषावहै ॥**

योगी नरहरिनाथः

कुरुक्षेत्रम्, अध्यात्म विद्यालयः गोरक्षपीठ मृगस्थली काठमाडौं गोर्खा

वैदिक साम्यवादमा-वाल्मीकि महर्षि भन्छन्-पठन द्विजो वागृषभत्वमीयात्,

स्यात् क्षत्रियो भूमिपतित्त्वमीयात् । वणिग्जनः पण्यफल-मीयात् जनश्च शूद्रोऽपि महत्वमीयात् ॥ वेदादि रामायण प्रभृति शास्त्र पढने ब्राह्मण वाचस्पति हुञ्छ । क्षत्रीय राजा हुञ्छ । वैश्य धनी हुञ्छ । शूद्र पनि महत्वपूर्ण हुञ्छ । चारै वर्ण छत्तिसै जात, चौसट्ठी कला उपकला कुशल जाति समेत समस्त मानवले वेदादि शास्त्रको पठन-पाठन गर्नुपर्छ । गरे मा महत्वपूर्ण पद पाईञ्छ । **गुणेषु क्रियतां यत्नः पदं सर्वत्र लभ्यते ।**

विश्वकल्याणकारी वेदवाणी प्रेरक अन्तरात्माले भन्छन्-**यथे मां वाचं कल्याणिमावदानि जनेभ्यः । ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय च स्वाय चारणाय च ॥** सबैको कल्याण गर्ने वेदवाणी पढ्ने पढाउने अधिकार सबै मानवको समान छ । जस्तै यो वेदवाणी सर्वकल्याणकारिणी समस्त जनतालाई भन्दैछु ब्राह्मण क्षत्रीय शूद्र वैश्य आर्य स्वकीय चारण भाट धर्मप्रचारक पञ्चधा महर्षिगण-देवर्षि ब्रह्मर्षि राजर्षि वैश्यर्षि शूद्रर्षि सबैको समान समिति विश्वमा वेदवाणीको कल्याणकारी प्रचार गरोस् । सबैको भलो गरोस् । मानव धर्मको वैदिक धर्मको मर्म प्रत्येक मानवका हृदय भूमिकामा कल्पवृक्षको अङ्कुर उमारोस् । जो विशाल वृक्ष-वृक्ष बनेर पत्र पुष्प फल रस सुगन्धमय छत्र छायामा समस्त प्राणीगणलाई आश्रयदान गरोस् । सबैका कल्पना साकार गरोस् ।

वैदिक साम्यवादमा वेदले कर्मज्ञान, धर्मज्ञान, ब्रह्मज्ञानको उपदेश दिएर अन्तमा एकताको आदेश दिन्छ ।

योगी नरहरिनाथः नेपालका अमूल्य सम्पत्ति हुन्

"राजा धर्मात्मा भए सबै धर्मात्मा हुञ्छन्, राजा पापी भए सबै पापी हुञ्छन् । राजा जस्ता भए जनता त्यस्तै हुञ्छन् । राजाले मैदानमा आउनु पर्छ । राजाले डाँडाकाँडा जानुपर्छ । शपथग्रहण गरेर राज्याभिषेक भयेकाले आफ्ना शपथलाई विर्सेर उल्टो-पाल्टो गर्छ भने त्यो कुनै व्यक्ति होस् त्यसलाई राज्य गर्ने अधिकार छैन" साप्ताहिक विमर्श, २०४८।३।२८

योगीजी साह्रै मिलनसार, सरल र अत्यन्त विवेकशील हुनुहुन्छ । चरित्रहीन, देशघाती, आत्मघाती, भ्रष्टाचारीहरू जो सुकै होस् त्यस्ताहरूको खुलेर विरोध गर्नु हुन्छ । विदेशी दलालहरू देखि कदापि डराउनु हुन्न र कडा शब्दमा उनीलाई निमिट्यान्न पार्न वाँहा उत्सुक हुनुहुन्छ । विदेशीहरू प्रति ममता राखेता पनि नेपालप्रति कलुषित व्यवहार गर्नेहरूको नाश गर्नुपर्छ भन्ने र भगवतीको शक्ति प्रयोग गरेर अपराधीलाई डाँडो कटाउन प्रयत्नशील हुने नरहरिनाथ वास्तवमा राष्ट्रवादी योद्धा हुनुहुन्छ । बोल्ने

क्रममा नेपाललाई लुट्नेहरूको कुरा उठेमा सवै गोर्खालीले खुकुरी वोक्नु पर्छ, शत्रुलाई छप्काउनुपर्छ भनेर तमाम नेपालीहरूलाई आफ्नो देश बचाउन उत्सुक बनाउनु हुन्छ । तर हिंसामा विश्वास गर्नु हुन्न ।

"मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सवै जातको फूलवारी हो, सवैलाई चेतना भया । यो फूलवारीका छोटा वडा चारै जात छत्तिसै वर्णले यो असली हिन्दुस्थाना हो, आफ्ना कुल धर्म न छोडनु" इत्यादि दिव्य उपदेश दियेर गएका छन् । हाम्रो कुल धर्म के हो ? यो पनि जान्नै पर्दछ । जसले ॐकार मूलक मन्त्रको जप गर्छन्, गाईलाई आमा मान्छन् । संस्कृत भाषामा नाम राख्छन् । वेदलाई आदिम ज्ञान राशी र मूल धर्मशास्त्र मान्दछन् । कैलासकूटको मुकुट, टोपी, पटुका, घण्टा, मन्दिर, स्तूप, गुम्वा, भोटो, चोलो, शुण्डाल, कच्छार (सुरुवाल कछाड) ॐ गौः श्रीः शब्द चित्र ६४ वर्णको ठूलो वर्णमाला भेष, भुषा, शैली शिल्प वस्तुकला मानेका छन् । त्यो विश्वविख्यात वीर गोर्खाली जाति कर्मठ मनस्वी स्वाभिमानी र ज्ञानी छ, जसले गुलामी जानेको छैन । विश्वका नौ करोड गोर्खालीहरूले आफ्ना मानव धर्मको रक्षा गर्नुपर्छ ।"

"वि.सं. १८७२ को तथाकथित प्रस्तावित सुगौलीसन्धि झुटो हो कीर्ते हो । राजाको लालमोहर र हस्ताक्षर भएको छैन र हामी नौकोटि गोर्खालीलाई मान्य छैन । कुराकानी चलाउन पठाएका गजराज मिश्र र चन्द्रशेखर उपाध्याय दुईजना कर्मचारीले हिमाली विशाल गोर्खा राज्यका चार खण्ड छोडेर मेची-महाकाली भित्र खुम्चियेको सानो भूपरिवेष्ठित एउटा टुक्रामा मात्र सन्तोष गर्नु भनेर सर्वाधिकार सम्पन्न प्रतिनिधि बनाएर पठाएको थिएन । सन् १९४७, अगष्ट १५ राति १२ बजे दिल्लीको लाल किल्लामा नेहरूको हातमा सुम्पेर जानेवेला फिरङ्गीले आफ्ना भूभाग लिएर राजकाज चलाउनुहोस् भन्ने शब्दावली अनुसार जिन्नाले पाकिस्तान बनायो । आज हामी नौ कोटि गोर्खालीहरूले मिलेर कीर्ते सुगौली सन्धि अघिको भू-भाग फिर्ता गर भन्ने नारा नौ कोटि कण्ठबाट एक्कै चोटी प्रकट गर्नु पऱ्यो ।"

-योगी नरहरिनाथः
जय गोर्खावाट ।
-दीर्घराज प्रसाई

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

राष्ट्राभिमानी निर्भीक व्यक्तित्व योगी नरहरिनाथः

उत्कट राष्ट्र प्रेम र स्वाभिमानको चिनारी गराउँन योजीजीको आफ्नै स्वदेश सन्देश नामक २०२९ मा प्रकाशित कविताका यी पंक्तिहरू निकै

सफल देखिञ्छन । स्वदेशको भन्दा विदेशको महत्त्व गाउने आफ्नो अमूल्य प्राकृतिक साधनस्रोत विदेशी पोल्टामा सुम्पदा पनि देशका तमाम जनतालाई झुक्यायेर भ्रममा पारेर विदेशीको चाकडी गर्न नछाडने विदेशमा गयेर विदेशीकै आँखाले आफ्नो मुलुक हेर्ने पहिले विदेशी भाषामा मूलप्रति तयार गरेर मात्र राष्ट्र भाषामा उल्था गर्ने देश दर्शनको वास्तै नगरी विदेशकै दौडाहा गर्न लालयित हुने जस्ता अत्यन्त अशोभनीय र राष्ट्रिय भावना शून्य मनमस्तिष्क लिने प्रवृति प्रति तिखो प्रहार गरेका छन् यहाँ योगीले । इतिहासको महती उपादेयता स्थापित गरेर निष्ठापूर्वक स्वदेशलाई बलियो खदिलो र सम्पन्न बनाउँने दृढ प्रतिबद्धता जाहेर गर्ने यी कविताका हरफहरू साच्चै मार्मिक हृदयस्पर्शी र प्रेरणादायी देखिञ्छन् । स्वदेशको अनुहार चिन्ने र चिनाउने स्वदेशको अस्तित्व गर्वगौरव जोगाउने निर्विकल्प साधन इतिहास हो भन्ने धारणा व्यक्त भैरहेको छ कवितामा । आफ्नो धर्म संस्कृति, आचार, विचार राम्ररी जानेर संस्कार वसिसकेपछि अरुका संस्कारले प्रतिकूल प्रभाव पार्न नसक्ने तिर कविताले राम्रो निर्देश गरिरहेको पाइन्छ ।

आफ्नो भाषा, इतिहास र धर्म संस्कृतिहरू देशका धरोधर हुन् । वैभव हुन्, प्राण हुन् । यिनको समुचित रूपमा संरक्षण संवर्द्धन र समादर गरेर नै हामी आफ्नो मुलुकलाई ओजस्वी तेजस्वी बनाउन सक्छौं । अर्काको आरोप लाञ्छना र दुर्भावनालाई निरस्त गर्न सक्छौं, यो अभिप्राय पनि कविताले देखाएकै छ ।

स्वदेश देखेर विदेश देखौं
स्वदेश लेखेर विदेश लेखौं
स्वदेश जानेर विदेश जानौं
स्वदेश मानेर विदेश मानौं ।
स्वधर्म जानी परधर्म जानौं
स्वधर्म ठानी परकर्म ठानौं
स्वयं बनी कर्मठ सत्यनिष्ठ
यसो गरी देश गरौं बलिष्ठ ।
स्वदेश जान्ने कसरी भनेर
स्वदेश धान्ने कसरी भनेर
स्वदेशको यो अनुहार जान्ने
आसी छ हाम्रो इतिहास भन्ने ।

मृगस्थलीमा अवस्थित योगीको आश्रममा पुग्ने जोसुकैले पनि भित्तामा झुण्डिरहेका सुगौली सन्धिपूर्वको वृहत् नेपालको नक्सा र दिव्योपदेश सहितको पृथ्वीनारायणको तस्वीर देखेकै हुन्छ । मृगस्थली वा अन्यत्र कतै रहेका बेला भेट्न जाने व्यक्तिले योगीजीलाई पूजा-पाठमा संलग्न रहेको, ध्यान समाधिमा बसेको वा मन्दिर दर्शनमा गएको सुन्दैन, देख्तैन । जसले आश्रममा अन्त भेट्छ लेखिरहेको कि पढिरहेको वा राष्ट्र चिन्ता गरिरहेकै देख्तछ । विशाल नेपालको नक्सा, पृथ्वीनारायण साह र दिव्योपदेशको सम्मानका पछाडि योगीजीको कट्टर राष्ट्रवादका पोषक चिन्तनहरू लुकेका छन् । विदेशी दासता र प्रभुत्वलाई ठाडै इन्कार गर्दै आफ्नो शान्त सुन्दर प्रिय जन्म भूमिलाई सदा स्वतन्त्र आत्म निर्भर र स्वाभिमानी बनाउने विशाल विशाल भावना रहेका छन् । सुगौली सन्धी जस्तो राष्ट्रघाती कदमप्रति वितृस्णा जगाई राख्न, यस्ता काम कारवाइ फेरि दोहोरिन नदिन- 'यो दुनियाँमा असम्भव के छ र' भन्दै नेपाली समाजमा महान्-महान् आशा आकांक्षा जगाई राख्नु नै होला । वृहत् नेपालको मानचित्र प्रति योगीजीबाट विशेष आदर सम्मान व्यक्त भयेको । सुगौली सन्धिले निश्चित गरेको सीमा नाघेर सैनिक शिविर राखियेको कुरा प्रमाणित भइसकेको र महाकालीमा १९ हजार ६ सय वर्गफिट जति जमिन मिचियेको वस्तुतथ्य चर्चित भइरहेको स्थितिमा विशाल नेपालको मानचित्र देखाएर नेपालीहरूलाई सतर्क र सचेष्ट तुल्याइरहने दूरगामी चिन्तनलाई कसरी सर्वथा अनुचित हो भनी दिने ? योगीजीको यो कविताले पनि यस्तै कुराको सङ्केत त गर्दैन र ?

गोर्खा सैनिक कोटमा कटकमा कैलासका कूटमा
गङ्गाका तटमा हिमाल मुकुटमा राष्ट्रध्वजा भोटमा
हल्ली हल्लि वतासले विजयाका वाजासितै तालमा
लम्क्यो लम्किरहोस् सदा अटल होस् शार्दूलका चालमा ।

राष्ट्रको मान, मर्यादा भङ्ग भयेको विधि व्यवस्थामा आँच आयेको, उच्च-उच्च राष्ट्रिय दायित्वप्रति उपेक्षा र उदासिनता देखियो भने योगीजीका भद्रता, शालिनताका पर्खालहरू भत्कन थाल्दछन्, चोटिला प्रहारहरू वज्रन थाल्दछन्, वाग्वाणहरू हुत्तिएर लोभी, पापी, स्वार्थी, कपटी र दासहरूका छाति छेड्न पुग्दछन् । उनका तीखा तीखा वाग्वाणहरूले कसैलाई छोड्दैनन् । ठूलो वा सानो स्वदेशी वा प्रदेशी जाति वा सम्प्रदाय कुनै वास्ता गर्दैनन् । "छाता ओढ्नेले समाउन पनि जान्नु पर्छ यो असली हिन्दुस्थाना हो, हिन्दु देशका

धर्म संस्कृतिमा आक्रमण गर्ने देशको सांस्कृतिक शरीरलाई क्षतविक्षत तुल्याउन खोज्ने तत्त्वहरूलाई पृथ्वीनारायणलेझैं सदाका लागि तह लगाउनु पर्छ, धपाउनुपर्छ" भन्ने र राष्ट्र भाषामा सम्मानसूचक मानियेका विदेशी भाषाका कतिपय शब्दहरू उच्चारण गर्न नपरोस भनेर राजा महेन्द्रसँग हिन्दीमा वार्तालाप गर्ने जस्ता अनेकौं प्रसङ्गहरू योगीजीको राष्ट्रिय स्वाभिमान उदारहण बनेर रहेकै छन् ।

-शिवहरि मरहट्टा

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

बहुआयामिक व्यक्तित्वप्रति अभिनन्दन

जब वहाँहरूले संस्कृतको श्लोकहरू सहितको धारा प्रवाह प्रवचनद्वारा नेपालको गरिमा र महिमा प्रस्तुत गर्नुभयो तब तस्वीर जस्तो भएर टक्क अडिन पुगें । आफू संस्कृतको ज्ञाता न भए पनि पूजारी भयेकी र नेपाल राष्ट्रप्रति अगाध भक्ति भयेकोले योगीजीको प्रवचन सुन्ने सौभाग्य पाएकोमा गद्‌गद् भये । नेपाल आमाले त्यस्तो सुपुत्र जन्मायेकोमा नेपालकी छोरीको नाताले ठूलो गौरवको अनुभव गरें ।

२. बाहिरबाट भित्रियेको आधुनिक राजनैतिक सिद्धान्त भनियेको साम्यवाद बारे श्रीयोगीजीले अत्यन्त युक्तियुक्त तर्कद्वारा समन्वयात्मक वैदिक साम्यवादको रूपमा हेर्नु पर्ने गरी विश्लेषण गर्नु भयेको छ र नेपालका साम्यवादी समूहहरूलाई आफ्नै मातृभूमिको धरातलमा उभिएर चिन्तन-मनन गर्न ध्यान आकर्षण गर्नु भएको छ । वहाँ आधुनिक वर्ग सङ्घर्षको साम्यवादमा विश्वास गर्नु हुन्न । वहाँ त वैदिक मन्त्रबाट उद्‌घोषित

"सहनाववतु सहनौ भुनक्तु सहवीर्यंकरवावहै ।
तेजस्विनावधीतमस्तु मा विद्विषावहै ।"

यस्तो अभ्यासबाट पनि वैदिककालको परम साम्यवादमा पुगिञ्छ भन्नेमा विश्वास राख्दै उहाँ उद्धहरण गर्नु हुञ्छ-

न राज्यं न च राजासीन्न च दण्डो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा रक्षन्तेस्म परस्परम् ।

-अङ्गुरबाबा जोशी

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

योगीजी र नकारात्मक पक्षहरु

मानव त्रुटि, असावधानी, लापरवाही तथा घमण्डको पुतला हो भन्दा अत्युक्ति नहोला जसमा घमण्डको मात्रा धेरै हुन्छ। जातीय घमण्ड, धनको घमण्ड, वलको घमण्ड, विद्याको घमण्ड, वाठो पनाको घमण्ड, पदको घमण्ड, जनमनको घमण्ड आदि अनेक घमण्डका प्रकारहरु छन्। उपर्युक्त कुनै पनि घमण्ड योगीजीमा छैनन्। परन्तु स्वधर्म, संस्कृति सभ्यता र राष्ट्रियताको स्वाभिमान भने योगीजीमा भरियेको छ। के म नेपाली हुँ भन्नु घमण्ड हो र ? म हिन्दु हुँ भन्नु घमण्ड हो त ? स्वाभिक स्वरूपलाई नकार्न सकिदैन भने वनावटीपनालाई चाहिँ अंगाल्न सकिदैन। सरलता, सादगीपन निस्पृह र स्पष्टवादी हुनु योगीजीको स्वभाव नै देखिन्छ। अति सरलपनाले गर्दा योगीजीको चारै तिर भूत, पिशाच छौंडा डाकिनी, वोक्सी आदि वरपर घेरिएर आन्द्रा, भूँडी खोतल्न वसेको चालपाउनु हुन्न। त्यसैले योगीजीलाई वदनाम गर्नेहरूको पनि कमी देखिएन।

साथै स्पष्टवादी हुनु, चाटुकारिताको दुनियाँमा खतरनाक सिद्ध भयेको देखियो। त्यसले गर्दा योगीजीले प्रत्येक कोटिहोमहरूमा शास्त्रार्थ पनि गर्नुपऱ्यो। धर्म छैन, ईश्वर छैन, घ्यु चामल डढाएर के हुन्छ ? इत्यादि प्रश्नहरूको धुइरोमा योगीजी सहजै पार लाग्नुभयो।

शास्त्रार्थका विरोधीहरू मित्र भए, सहयोगी भए। कर्मवीर, वृहद् आध्यात्मिक आदि समस्त संस्थाहरूको सहयोगी, योगीजीका परम सहयोगी हुन्। साथै जनताहरूको पनि प्रशस्त सहयोग रह्यो। योगीजीका असल सहयोगी महानुभावहरू र जनता जनार्दन योगीजीको इतिहाससँग जोडिएर अमर हुनु भयेको छ। जसले योगी नरहरिनाथलाई योगी नरहरिनाथ वन(ायो। परन्तु योगीजीको झक्झकाई नभए जनता पनि जाग्ने थियेनन्। सहयोगीहरू पनि सहयोगी हुने थिएनन्। त्यसैले योगीजी र उहाँका सहयोगीहरूमा अन्योन्याश्रय सम्वन्ध हुन पुग्यो। एक्काइसौं शताब्दीका गोरक्षनाथ योगी नरहरिनाथ नै हो भने अत्युक्ति नहोला जस्तो लाग्छ। योगीजीका यी नकारात्मक पक्षहरू पनि सकारात्मक नै हुन पुगेका छन्। 'संखिया' भन्ने विष हुन्छ। तर कविराजहरूले सोधन गरेर विरामीलाई दिँदा ओखतीको काम गर्छ। विरामी निको हुन्छ। अव त्यसलाई विष भन्ने

कि अमृत ? जे भन्नु र मान्न इच्छा लाग्छ त्यही गर्नुहोस् 'यथेच्छसि तथा कुरु 'गीता' दोषज्ञ भन्दा गुणज्ञ ठूलो र बुद्धिमान हुन्छ । योगीजीको यो अति सङ्क्षेपमा लेखेको लेख हो । राम्ररी लेख्नु पर्दा ठेलीको ठेली ग्रन्थ हुन सक्छ । आवाल ब्रह्मचारी, आजीवन पदयात्री, आजीवन विद्यार्थी, महिनौं अन्न नखाएर दूबो, जडीबुटीहरूबाट जीवन चलाउने, राष्ट्र र राष्ट्रधर्मका ज्यूँदो प्रहरीको नाम हो योगी नरहरिनाथः ।

यस्तो साधना र तपस्या गर्ने नेपाली आमाको अर्को छोरा जन्मेला कि नजन्मेला भन्न गाह्रो छ ।

डा. स्वामी प्रपन्नाचार्य

योगी नरहरिनाथः अभिनन्दन ग्रन्थबाट

योगीजीको व्यक्तिगत होईन योद्धाको लडाईको वर्णन गर्न खोजेको छु ।

कर्णाली किनारको लालु गा.वि.स. वडा नं ६ चाखा वा भँडारीवाडामा १९७१ फाल्गुन १७ गते जन्मनु भएका योगीजी संभवत अहिलेको अँध्यारो क्षेत्रको सब भन्दा चम्किलो तारा हुनुहुन्छ । योगीजी नभएको भए सायद खसानको इतिहास नै लेखिने थिएन र वर्तमान नेपाल राज्यको सवभन्दा जेठो सभ्यता कर्णाली सभ्यताको पहिचान हुने थिएन । यदि त्यसो नभएको भए चार जात अर्थात खसान राष्ट्र, मगरात राष्ट्र, किराँत राष्ट्र, जडान राष्ट्र.....आदि 'जात' को यो फूलबारी भन्ने कुरालाई विश्वविद्यालयको कागजी प्रमाण-पत्र लिएका कुपमण्डुकहरुले, फूलबारीमा फुल्ने एक थरी फूललाई "भतुवा" भनिने थिए भने किराँती, मगराती आदि चीनबाट आएका "भतुवा" भनिने थिए र यो फूलबारी हिलेघारीमा परिणत हुने थियो । आज एउटा योगीले मदेशदेखि हिमालयसम्म र इरावतीदेखि सिन्धसम्मको यात्रा गरी हिमवत् खण्डका धुलोमाटो पातपतिंगर चालेर केही यस्ता पदचिह्नहरु बनाएको छ जसबाट हाम्रो सातहजार वर्ष पुरानो सभ्यता र संस्कृतिको उज्यालो प्रकाश हामीले भेट्न सक्ने भएका छौं ।

मलाई इतिहास पढ्दा योगी नरहरिनाथ र प्रा. जिसेफ टुची बाहेक कसैले प्रभावित गर्न सकेको छैन । योगीजीले नेपालीहरु असभ्य जङ्गली जाति भनी ठान्नेहरुलाई जवाफ दिएका मात्र छैनन् विदेशीहरुका नियम

कानूनहरुको नक्कल गरेर आनो भाषा संस्कृति विगारेर हिजो पनि कतै यो राष्ट्र कसैको अधीनमा त थिएन भन्ने भ्रमहरुका झार उमार्नेहरुलाई पनि जवाफ दिने ऐतिहासिक सामग्री सङ्कलन एवं प्रकाशन गर्ने काम समय मै गर्न सफल हुनु भएको छ। दुतावास वा दरवारका इशारामा काम गर्नेहरुले जे जति भ्रम फैलाए पनि योगी यस देशको सच्चा देशभक्त हुनुहुन्छ। उहाँका र मेरा राजनैतिक पूर्वाग्रह अलग हुन सक्छन्। तर कुन व्यक्ति कति इमान्दार र विद्वान् छ भन्ने कुरा विचारका अन्तरले फरक पर्ने कुरा होइन। योगीका देनहरुलाई यदि देशभक्त प्रजातन्त्रवादी नेपालीहरुले समयमै उचित मूल्याङ्कन गर्न सकेनन् भने मलाई लाग्छ उनीहरुको प्राप्ति अझ टाढाको विषय वस्तु हुनेछ। आज स-साना राष्ट्रियताको प्रश्न होस, राष्ट्रिय वा भाषिक साँस्कृतिक समानताको लडाई होस् वा पूर्ण स्वाधीन प्रजातान्त्रिक नेपालको निर्माणको प्रश्न होस्। त्यो योगीले हाम्रा सामु पस्केको सभ्यता, संस्कृति र इतिहास कै जगमा मात्र खडा हुन सक्दछ। त्यसैले योगीजीवारे कसैले खोजी गर्दछ। उहाँका विचार र दृष्टि विन्दू अनि खोजको वारेमा केही योगदान दिन्छ भने त्यो काम स्तुत्य नहुने प्रश्नै छैन।

गोविन्दजी !

म मार्क्सवादी विचारमा दीक्षित पेशेवर पत्रकार हुँ भन्ने तपाईलाई थाहै छ। मलाई साम्यवाद जर्मनी वा यूरोपको देन हो जस्तो लाग्यो तर योगीजीले साम्यवादको पनि वैदिक व्याख्या प्रस्तुत गरेर दर्शन र विचारमा हामी पूर्वका मानव समुदायको अगुवाई र साम्यवाद हाम्रा आनै दर्शन रहेछ भन्ने प्रभावित गरेको देख्या, उहाँ प्रति मेरो श्रद्धा यति बढी हुन गएको छ जति म मार्क्स लेनिन र माओलाई गर्छु। योगीजीले-

न राज्यं न च राजासीन्न दण्डो न च दाण्डिकाः।
न राज्यं न च राजासीन्नत् प्रजासीत वेवात भुवी।
धर्मेणैव प्रजाः सर्वा रक्ष्यन्तेस्म परस्परम्।

यो श्लोकको प्रस्तुति, व्याख्या र साम्यवादको वैदिक स्वरूपको विवेचनाले आज नेपालको साम्यवादी आन्दोलनमा एक पाटोमा योगीजी हुनुहुन्छ भने अर्को पाटो कम्युनिष्ट क्रान्तिकारीहरु रहेका छन्। हरेक दर्शन र विचारलाई यान्त्रिक नक्कल गर्नु भन्दा मौलिक रूपमा ग्रहण गर्ने

प्रश्नमा योगीको योगदान अतुलनीय छ भन्ने मेरो धारणा छ । योगीजी दार्शनिक मात्र नभई द्रष्टा पनि हुनु भएकोले उहाँले भविष्यमा आउने साम्यवादी व्यवस्थाहरूलाई हाम्रा आनै चिन्तनको धरातलमा खडा गर्नु भएको देखिन्छ । योगीजीको वैदिक साम्यवाद प्राप्तिको बाटो छैन त्यसैले त्यहाँ वर्गसमन्वयको मात्रै परिकल्पना छ । तर यथार्थमा जब अमेरिकाले इराक घेर्छ योगीजी सद्दाम हुसैनको समर्थनमा अमेरिकी साम्राज्यवादीहरु विरुद्ध कुर्लिन हुन्छ । उहाँको दर्शनमा नभए पनि जीवनमा वर्गसंघर्ष छ । उहाँ असमानता, अन्याय, अतिक्रमण आदि आदि कुनै कुरा सहनु हुँदैन । वैदिककालको जस्तो शासक विहीन, सेना विहीन र राज्य यन्त्र विहीन साम्यवादका व्याख्याता योगीजी अहिले राष्ट्रिय स्वाधीनता, समानता र मौलिक जातीय संस्कृति निर्माणको संघर्षका कहिले नथाक्ने योद्धा हुनुहुन्छ । वहाँ स्वयम् आनो बारेमा कसैले केही नभनुन् र राष्ट्र, जाति, देश, समानता, पीडित जनसमुदाय र उपेक्षित क्षेत्रबारे बोलुन भन्ने चाहनु हुन्छ । त्यसैले मैले जानेका बुझेका कतिपय जरुरी कुराहरु पनि व्यवस्थित रूपमा लेख्न हिच्किचाउनु परिरहेछ । तैपनि मलाई लागेको छ म योगीजी भन्ने कुनै व्यक्ति होइन एउटा मृत प्रायः अवस्थामा रहेको जाति र राष्ट्रमा प्राण फुक्न आफ्नो जीवन अर्पण गर्ने योद्धाको लडाईको वर्णन गर्न खोजिरहेको छु ।

२०५१/६/१३

पूल्चोक, ललितपुर

शुभेच्छु

प्रेम कैदी

योगी नरहरिनाथः जीवन एवं कर्म

मैंने रमण को पुस्तक भेंट की

नमस्ते योगमूर्तये

नमस्ते नरनाथाय नमस्ते योगमूर्तये । वेदवेदान्त वेद्याय नमस्ते वेदमूर्तये ॥१॥
गोरखनाथअंशाय वैदिक-धर्म रक्षिणे । नमस्ते तपनिष्ठाय नम उग्रतपस्विने ॥२॥
नमस्ते स्पष्ट वक्ताय नम अभयरूपिणे । आशुकवि नमो नित्यं ते इतिहासकोविदे ॥३॥
सुखदुःखे समोभुत्वा सदा सघर्षशीलने । नेपाली जनआत्माय नेपालराष्ट्रसेविके ॥४॥
नमस्ते धर्मनीतिज्ञ सकलभातृभाविने । नमस्ते राजनीतिज्ञ स्वदेशस्वर्गभाविने ॥५॥
नमस्ते लोकनीतिज्ञ सर्वलोकहितैषिणे । नमस्ते सर्वशास्त्रज्ञ सर्वेषु ज्ञानरूपिणे ॥६॥
नमस्ते स्वार्थशून्याय विशुद्धगुणरूपिणे । दिव्यगुणाय अस्माक ते अभिवादन सदा ॥७॥
सर्वस्वरूप सर्वज्ञ सर्वभावे च तत्परः । सर्वबीजस्वरूपेण सर्वबीज नमोस्तु ते ॥८॥
मम हृदयकुञ्जे य इद स्वतः प्रस्फुरित । श्रद्धास्वरूपपुष्प ते राष्ट्रगुरु । समर्पितम् ॥९॥

– स्वामी, कृष्णानन्द परमहस

राष्ट्रियता

वखू दोचा लायी सुरू फुरू मिलायी वहकरी
उखू सातू खायी प्रतनु पट लायी कृषि गरी ।
कछाड् भोटो टोपी खुकुरि पटुका कम्मर कसी
हिमाले वा माले निवसतु जनो राष्ट्रियतया ।।
उकाला ओराला भिर र पहरा राखि सुखमा
स्वरक्षाका लागि भुजधृत भुजेली र खुकुरी ।
जपी गोरखकाली कुशल सवको मङ्गल गरी
हिमाली गोर्खाली मिलिजुलि बसौं पालि पृथिवि ।
भुमा चौरी काली सुरभि सुकिली पालि अथवा
मकै कोदो खायी सुखसित भिजायी स्वपसिना ।
खनी खोर्शी खेती पशुपति तलेजू जप गरी
हिमाली गोर्खाली नय विनय पालीकन वसौं ।।
नमः स्वस्ति स्वाहा भणतु मणिपद्मे हुमिति वा
प्रकामं खं ब्रहम प्रजपतु च शून्यं स्थिरधिया ।
शिखा-सूत्रे धृत्वा मसृणमथ कृत्वा निजशिरो
हिमाले वा माले निवसतु जनो राष्ट्रियतया ।।

योगी नरहरिनाथः